
# लेखापरीक्षण प्रतिवेदन

# गण्डकी गाउँपालिका, गोरखा

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# गण्डकी गाउँपालिका, गोरखा

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| *स्वतन्त्रता* | *(Independence)* |
| *निष्ठा* | *(Integrity)* |
| *पारदर्शिता* | *(Transparency)* |
| *जवाफदेहिता* | *(Accountability)* |
| *व्यावसायिकता* | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/472

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
गोरखा।

**कैफियतसहितको राय**

हामीले गण्डकी गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाको आर्थिक कार्य प्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेस गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१४ करोड ९० लाख १५ हजार, गरिबसँग विश्वेश्वर कार्यक्रमको रु.५ लाख २१ हजार र एकीकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.१३ लाख ५८ हजार समेत रु.१५ करोड ८ लाख ९४ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु.१ अर्ब ४५ करोड १३ लाख २१ हजारको लेखापरीक्षण गरिएकोमा रु.२ करोड ५७ लाख ५६ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा रु.१३ लाख ६८ हजारको प्रतिक्रियाबाट कारबाही भई बाँकी बेरुजु रु.२ करोड ४३ लाख ८८ हजारमध्ये असुल गर्नुपर्ने रु.६९ लाख १६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.४० लाख ६२ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ३४ लाख १० हजार रहेको छ। गत वर्षसम्म रु.९ करोड ७२ लाख १० हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.११ करोड ६२ लाख २२ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरू खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीयविवरण तयार गर्ने गण्डकी गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राजेन्द्र राज ओझा )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

**चालु वर्षको बेरुजु**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६२ | १६८ | २५७५६१४२ | ० | २५ | १३६७७४३ | ० | ६२ | १४३ | २४३८८३९९ | ६९१६०५१ | १३४१०४१५ | ४०६१९३३ | ० | ० | १७४७२३४८ | ० |

**अद्यावधिक बेरुजू स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गोरखा | ९७२१०००० | ० | ५३७६११४ | ९१८३३८८६ | ० | २४३८८३९९ | ११६२२२२८५ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजु दफा नं | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ७४ | सञ्चार खर्च | १६३१०० |
| २ | २०८०/८१ | ६६ | दैनिक भ्रमण भत्तामा बढी दिनको भुक्तानी | १२२०० |
| ३ | २०८०/८१ | ४९ | कार्यक्रम पुष्टयाई | ११९२४४३ |
| ४ | २०७९/८० | ३० | सडक बोर्ड रकम फिर्ता | १४७४५८६ |
| ५ | २०७९/८० | ४१ | विद्यालयलाई थप निकासा | ३२५००० |
| ६ | २०७९/८० | ४० | लाभग्राहीको अभिलेख | १६३४२८ |
| ७ | २०७९/८० | २७ | लागत अनुमान तयार नगरेको | १३६४५८२ |
| ८ | २०७९/८० | ३७ | भुक्तानी प्रणाली | १५६४३६२.८८ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ९ | २०७९/८० | ३६ | दाखिलाको विवरण | ३८१३ |
| १० | २०७९/८० | ४२ | खर्च शीर्षक फरक पारी खर्च लेखेको | २२८०६७ |
| 11 | २०७८/७९ | ६६ | मृत्युपश्चात भत्ता भुक्तानी | २५२२७५ |

# (८०४३६५०३३०० - गण्डकी गाउँपालिका, गोरखा )

## परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ८ वडा रहेको छ भने क्षेत्रफल १२३.८६ वर्ग किलोमिटर तथा जनसंख्या २१ हजार ३९४ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।८।३ देखि २०८१ ।८।७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजन, राजस्व, धरौटी, अन्य कारोबार र आय – व्ययतको गरी जम्मा रु.१,४५,१३,२०,२०७।२६ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

२ **एकीकृत आय-व्यय**

पालिकाको आर्थिक वर्ष २०८०।८१ को समग्र आर्थिक कारोबार समेटिने गरी तयार गरेको एकीकृत आर्थिक विवरणको संक्षिप्त अवस्था निम्नानुसार रहेको छः

| आय तर्फ | | व्यय तर्फ | |
|---|---|---|---|
| **विवरण** | **रकम** | **विवरण** | **रकम** |
| **गतवर्षको जिम्मेवारी बाँकी** | | **गाउँपालिका चालु** | **१२४९७४२९२.५४** |
| **सञ्चित कोष** | १०४९१९५९७.३१ | **गाउँपालिका पूंजिगत** | **१३९७४१५९३।७४** |
| **धरौटी** | ११५६०६४२.८२ | **जम्मा** | **२६४६९९२०७।८९** |
| **बिबिध खर्च खाता** | ३८९५४४२.४५ | **संघीय सरकारबाट प्राप्त अनुदान** | |
| **प्रकोप व्यवस्थापन कोष** | १६६२९६९.२३ | सशर्त अनुदान चालु | २४६१८६३२०.९० |
| **आन्तरिक राजस्व खाता** | ० | सशर्त अनुदान पूंजीगत | ९९१२४३७.१८ |
| **जम्मा** | १२२०३८६५१।८१ | समपुरक अनुदान | ११३६१०९५.७० |
| **राजस्व आन्तरिक आय** | | विशेष अनुदान | १८१३१०९१.१२ |
| आन्तरिक राजस्व | १२८०४२६८.८४ | फिर्ता | २२१९६०३३.१० |
| राजस्व वाडफाड मालपोत समेत | ६३०८७४८.५० | **जम्मा** | **३०७७८६९७८** |
| **जम्मा** | **१९११३०१७।३४** | **प्रदेश सरकारवाट प्राप्त अनुदान** | |
| बाँडफाँडबाट प्राप्त राजश्व -संघ_ | ७४४७६१३.८४ | समपुरक अनुदान | ३१७९६३९.०० |
| बाँडफाँडबाट प्राप्त राजश्व -प्रदेश | ७८३९१६९.०० | ससर्त अनुदान | ४१८८७०० |
| **जम्मा** | **८२३१५५८२.८४** | फिर्ता | 0 |
| **संघीय सरकारबाट प्राप्त अनुदान** | | **जम्मा** | **७३६८३३९** |
| वित्तीय समानिकरण अनुदान | १२०३४२०००.०० | **अन्तर सरकारी अख्तियारी संघ** | |
| सशर्त अनुदान चालु | २६४१४१३५० | सामाजिक सुरक्षा | १४९०१५३७५ |
| सशर्त अनुदान पूंजीगत | १३३६५००० | गरिबसँग बिश्वेश्वर कार्यक्रम | ५२०५४० |
| समपुरक अनुदान | ११९१००८९ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १३५८४८६ |
| विशेष अनुदान | १८३७०५३९ | **जम्मा** | **१५०८९४४०१** |
| **जम्मा** | **४२८१२८९७८** | प्रकोप व्यवस्थापन कोष र विविध खर्च खाता खर्च | ५८१०४३५।७३ |
| **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | **धरौटी** | २७८७९४५।६५ |
| वित्तीय समानिकरण अनुदान | १२०३४२०००.०० | **जम्मा** | **८५९८३८१।३८** |
| सशर्त अनुदान | १२०३४२०००.०० | **मौज्दात बाँकी** | |
| समपुरक अनुदान | १२०३४२०००.०० | सञ्चित कोष | **७५६९६८८२८२** |
| विशेष अनुदान | 0 | धरौटी | १२७१७०७०।३७ |
| **जम्मा** | **२११०७५८९** | बिबिध कोष खाता | ० |
| अन्य विविध खर्च खाता | ६४३५६०१.८३ | प्रकोप व्यवस्थापन कोष | १६६२९६९।२३ |
| धरौटी | ३९४४३७३.२० | विविध खर्च खाता | ४५२०६०८।५५ |
| **जम्मा** | **१०३७९९७५.०३** | **जम्मा** | **९४५९७५३०।९७** |
| **अन्तरसरकारी अख्तियारी संघ** | | **फरक** | **१६६७८।३९** |
| सामाजिक सुरक्षा | १४९०१५३७५ | | |
| गरिबसँग बिश्वेश्वर कार्यक्रम | ५२०५४० | | |
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १३५८४८६ | | |
| **जम्मा** | **१५०८९४४०१** | | |
| **कुल जम्मा** | **८३३९७८१९५.०२** | **कुल जम्मा** | **८३३९७८१९५.०२** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्:

- स्थानीय तहले सञ्चित कोषमा गत विगतको साविक पालिका र गा.वि.स. हरूबाट सरी आएको सम्पत्ति र दायित्व बाँकीको अवस्था समेत स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म.ले.प.फा.नं. २७० ले साविकको उक्त कारोबार समेत देखिने गरी आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।
- कार्यालयले आ.व. २०८०।८१ को लागि बजेट तथा कार्यक्रम स्वीकृत गर्दा स्थानीय सञ्चित कोषमा हुनसक्ने आम्दानी र खर्चको यथार्थतालाइ विश्लेषण गरेर तर्जुमा गर्नुपर्नेमा सो बमोजिम भए गरेको पाइएन । यस स्थानीय सरकारको कार्यपालिका र सभाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा र स्वीकृत गर्दा गराउँदा आफ्नो अपेक्षित आम्दानी र खर्चलाइ विश्लेषण गरेर मात्र यथार्थतामा आधारित भएर तर्जुमा गर्नुपर्ने देखिन्छ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन १ गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नु पर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । कार्यालयले पेश गरेको वित्तीय विवरण यथार्थ र सही ढंगले तोकिए बमोजिमको ढाँचामा बन्नु पर्दछ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले संघीय तथा प्रादेशिक सरकारबाट हस्तान्तरित सामाजिक सुरक्षा तथा संरक्षण, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम समेत संघीय र प्रादेशिक पुर्वाधार बिकास कार्यक्रम लगायतका कार्यक्रम तथा बजेट शिर्षकबाट भएको आम्दानी तथा खर्चको लेखाकंन सुत्रमा राखि प्रतिवेदन २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा तयार गर्नु पर्दछ ।
- पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१४,९०,१५,३७५।-, गरिबसँग विश्वेश्वर कार्यक्रमको रू.५,२०,५४०।– र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू.१३,५८,४८४।- समेत गरी रू.१५,०८,९४,४०१।- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।
- एकीकृत आर्थिक संकेत वर्गीकरण तथा व्याख्या २०७४ अनुसार चालु र पुँजीगत शीर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालुबाट गर्नुपर्नेमा पुँजीगत शीर्षक र पुँजीगत शीर्षकवाट गर्नुपर्नेमा चालु शीर्षकवाट खर्च भएकोले उक्त व्याख्या अनुसार बजेट तयार तथा कार्यान्वयन भएको छैन । अतः खर्च शीर्षकले यथार्थ शीर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था रहेन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ । पालिकाले समिति गठन गरेको जनाएको छ । समितिलाई थप प्रभावकारी बनाउनु पर्दछ ।
- पालिकाले पेश गरेको एकीकृत आय-व्यय विवरण अनुसार पालिकाको समग्र आम्दानी रु. ८३,३९,७८,१९५।०२ रहेको र बैंङ्क मौज्दात बाँकी समेत समग्र खर्च रु.८३,३९,६१,५१६।६३ रही बैङ्क मौज्दात रु.१६,६७८।३९ ले फरक परी घटी हुन गएको

सम्वन्धमा चालु आ. व. २०८१।८२ मा को ले नि का को आदेश बमोजिम निकासा फिर्ता गरेको ब्यहोरा कार्यालयले जनाएको छ । यसरी फरक परेको सम्वन्धमा बैङ्क हिसाव मिलान विवरण तयार गर्नुपर्दछ ।

त्यसैले तोके बमोजिमका वित्तीय विवरण तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

४ **जिम्मेवारी फरक पारी अ.ल्या. गरेको**

कार्यालयले योवर्ष देहाय अनुसार सञ्चित कोष खाता र बिभाज्य कोषखातामा कायम गरेको शुरु मौज्दात रकम बैङ्कमा रहेको मौज्दात रकम भन्दा निम्नानुसार रु. ९,२५,४१०।३८ घटी जिम्मेवारी सारेको व्यहोरा पालिकाले लेखापरीक्षणको लागि पेश गरेको एकीकृत आय व्यय विवरणबाट देखियो। यसरी घटि जिम्मेवारी अ. ल्या. गरी फरक परेको सम्वन्धमा बैङ्क हिसाव मिलान विवरण तयार गरी यथार्थता यकिन गर्नुपर्दछ ।

| सि नं | विवरण | बैङ्क स्टेटमेण्ट अनुसार बांकी मौज्दात | योवर्ष जिम्मेवारी सारेको मौज्दात | फरक रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | सञ्चित कोष खाता | १०५०४७५०८ | १०४९१९५९७।३१ | १२७९१०।३८ | घटी मौज्दात अ ल्या सारेको |
| २ | बिभाज्य कोष खाता | ७९७५०० | ० | ७९७५००। | |
| | **जम्मा** | | | **९२५४१०।३८** | |

५ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षलले मिति २०८०।३।१० मा रु.६६ करोड ३ लाख ४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।२९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । समयमै अख्तियारी बजेट कार्यक्रम हुँदा समेत पुँजीगत बजेट ८५.५७ प्रतिशत मात्रै खर्च भएको अवस्था छ । बजेट कार्यान्वियन दक्षता बढाउनु पर्ने देखिन्छ ।

६ **कार्यसञ्चालन तथा विविध कोष**

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम सञ्चालन गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्ने व्यहोरा उल्लेख गरेपनि यो कार्यालयले यो वर्ष प्रकोप व्यवस्थापन र विविध खर्च खाता जस्ता कोषमा गत वर्षबाट जिम्मेवारी सारेको रु.१,७१,१९,०५४।५० र यो वर्षको थप रु.९९९३३२७।३६ सहित रु.२,७१,१२,३८१।९० आय र रु.८२,११,७३३।७१ खर्च गरी रु.१,८९,००,६४८।१५ मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गरी खर्चमा दोहोरापना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक बाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

| क्र.सं. | कोष नाम | शुरु मौज्दात | प्राप्ति | भुक्तानी | बाँकी |
|---|---|---|---|---|---|
| १ | स्थानीय तह धरौटी खाता | ११५६०६४२.८२ | ३५५७७२५.५३ | २४०१२९७.९८ | १२७१७०७०.३७ |
| २ | विविध खर्च खाता | ३८९५४४२.४५ | ६४३५६०१.८३ | ५८१०४३५.७३ | ४५२०६०८.५५ |
| ३ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १६६२९६९.२३ | ०.०० | ०.०० | १६६२९६९.२३ |
| | जम्मा | १७११९०५४.५० | ९९९३३२७.३६ | ८२११७३३.७१ | १८९००६४८.१५ |

## ७ क्षेत्रगत बजेट र खर्च

स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ ।यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४१६५२०००.०० | ३५३३३९१०.७१ | ६.३४ |
| २ | पूर्वाधार विकास | १५०४४६००९.०० | १३३५०१०८३.८६ | २३.९४ |
| ३ | सामाजिक विकास | ३४०८६४०००.०० | ३०६२९८१६८.६४ | ५४.९२ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २५५००००.०० | १३२३१६४.२० | ०.२४ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १४०८०७०९१.०० | ८१२३५५२१.१६ | १४.५७ |
| | **जम्मा** | **६७६३१९१००.००** | **५५७६९१८४८.५७** | **१००.००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकामा सबैभन्दा बढी ५४.९२ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धितमा सबैभन्दा घटी ०.२४ प्रतिशत रहेको छ ।

## ८ खर्च विश्लेषण

यस पालिकाले अघिल्लो आ.व.२०७९।८० बाट प्राप्त अ.ल्या मौज्दात रु.१२,२०,३८,६५१।८१, यस वर्ष कुल आन्तरिक आय समेतबाट रु.१,९१,१३,०१७।३४ (राजस्व बाँडफाँट मालपोत समेत) र राजस्व बाँडफाँटबाट रु.८,२३,१५,५८२।८४, अनुदानबाट रु.४४,९२,३६,५६७।– र अन्य वित्तीयबाट रू.१,०३,७९,९७५।०३ समेत रू.६८,३०,८३,७९४।– (अन्तर सरकारी अख्तियारी बाहेक) आम्दानी भएकोमा चालुतर्फ रु.३७,६०,०६,९४०।४४, पुँजीगत तर्फ रु.१८,१६,८४,९०८।१३ र वित्तीय तथा अन्यतर्फ रू.३,०७,९४,४१४।४८ समेत रु.५८,८४,८६,२६३।- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.२४ प्रतिशत रहेको छ । पालिकाले विकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रूपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । साथै आन्तरिक आय बढाउनका लागि सम्भाव्य उपाय अवलम्वन गर्नुपर्दछ ।

## ९ त्रैमासिक पुँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १८१६८४९०८.१३ | ४८०४७३०.५४ | ८८२१७८३.६९ | ५१५७८१९१.४५ | ११६४८०२०२.४५ | ६६०९३१०९.७५ |
| प्रतिशत | १००. | २.६४ | ४.८६ | २८.३९ | ६४.११ | ३६.३८ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१८,१६,८४,९०८।१३ पुँजीगत खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.४८,०४,७३०।५४ (२.६४ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.८८,२१,७८३।६९ (४.८६ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.५,१५,७८,१९१।४५ (२८.३९ प्रतिशत) र चौथो त्रैमासिकमा रु.११,६४,८०,२०२।४५ (६४.११ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.६,६०,९३,१०९।७५ (३६.३८ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## १० आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको देखिएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल बमोजिम रहेका छन्:

**बजेट व्यवस्थापनतर्फ**

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेखांकन र व्यवस्थापन नगरेको, स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोबारको अनुसुची-११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको जनाएतापनि सो अनुरूप कार्यान्वियन भएको देखिएन,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिका तथा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयको क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको जनाएतापनि सो अनुरूप कार्यान्वियन भएको देखिएन,
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाब्य आयोजना बैङ्क खडा गरेको देखिएन,
- दिगो विकास योजना २०१५-३० लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

**खरिद व्यवस्थापनतर्फ**

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा पालिकाले तयार गरेको जनाएता पनि सो बमोजिम खरिदको कार्य गरेको पाईएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरूको विवरण खुलाई अभिलेख राख्नुपर्नेमा नगरेको,
- कार्यक्रमहरूको विस्तृत विवरण देखिने गरी कार्यक्रम अभिलेख खाता राखेको पाईएन,
- स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट सञ्चालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

**भ्रमण खर्च व्यवस्थापनतर्फ**

- भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख व्यवस्थित नगरेको,
- नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको,
- पालिकाका पदाधिकारीहरूको मासिक अनुगमन सुविधा भुक्तानी गर्दा अनुगमन प्रतिवेदन संलग्न गर्ने गरेको छैन,
- पालिकाका पदाधिकारीहरूले प्रयोग गर्ने सवारी साधनमा इन्धनको कोटा निर्धारण गर्ने गरेको तर कार्यान्वियन नभएको ।

**शिक्षातर्फ**

- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको,
- कार्यक्रम कार्यान्वयन पुस्तिकामा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन नगरेको,
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागि सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरूको एकीकृत विवरण तयार नगरेको ।

**विविधतर्फ**

- कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,
- प्रचलित कानुन अनुसार कर्मचारीहरूको कार्य विवरण वनाई लागु गरेको पाईएन,
- मूल्य अभिवृद्धि करमा दर्ता नभएको फर्मसँग रु.२० हजार भन्दा कम रकमका विभिन्न विलहरू मार्फत मसलन्द तथा कार्यालय सामाग्री खरिद गर्ने गरेको छ,
- कतिपय भ्रमण आदेशमा स्पष्ट काम उल्लेख नगरी कार्यालय सम्बन्धी काम मात्र उल्लेख गरेको छ,
- विद्युत, पानी महशुल यथा समयमै भुक्तानी नगरी ढिलाई गर्दा थप दस्तुर समेत खर्च लेख्ने गरेको छ,
- राजस्व संकलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरू सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सोको पालना नभएको,
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको,
- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,
- खेलकुद कार्यक्रम, सांस्कृतिक कार्यक्रमहरूको लागी अध्यक्षको तोक आदेशको आधारमा भुक्तानी गर्ने गरेको,
- अधिकांशमा पत्रपत्रिका तथा सञ्चार माध्यममा जनचेतनामूलक सूचना प्रकाशन/प्रशारण बापतको बिल भुक्तानी भएको तर सोको सम्झौता तथा कार्यादेश नभएको,
- पालिका तथा विद्यालयबाट आयोजना भएको खेलकुद प्रतियोगितामा खरिद गरी प्रयोग गरिएका खप्ने जिन्सी सामग्री लगायतका खेलकुद सामग्रीको विवरण सहित सम्बन्धित कार्यालय वा विद्यालयमा दाखिला गर्ने नगरेको,
- अधिकांश कार्यक्रम सञ्चालन पूर्व प्रस्ताव स्वीकृत नभएको र कार्यक्रम सम्पन्न प्रतिवेदन पेस नगरेको.
- पालिकाको डोजर/ एक्जाभेटर प्रयोगमा तेल प्रयोगको लग बुक नभएको ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ११ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ उपदफा (२) र (३) मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरीक लेखा परीक्षण गराउनु पर्ने र आन्तरीक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्ने उल्लेख रहेको छ ।आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ उपदफा (१) मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनु पर्ने उल्लेख रहेको छ । यस पालिकाले कार्यालयमा आन्तरिक लेखापरीक्षण शाखा गठन गरेको जनाएतापनि उक्त शाखामा दक्ष जनशक्ति नभएको कारण उल्लेख गरी योवर्ष आन्तरिक लेखापरीक्षण गराएको छैन । पालिकाले कानुन बमोजिम आन्तरिक लेखापरीक्षण शाखामा तोकिएको योग्यता पुरा भएको दक्ष जनशक्ति आवश्यक संख्यामा पदपुर्ति गरी स्वतन्त्र र वस्तुपरक रूपमा आन्तरिक लेखापरीक्षण गराइ समयमै प्रतिवेदन लिने र उक्त प्रतिवेदनमा औंल्याएका व्यहोराहरूको यथाशीघ्र सुधार गरी गराइ आर्थिक प्रशासनलाई कानुन बमोजिम थप चुस्त दुरुस्त तुल्याउन पहल गर्नुपर्ने देखिन्छ ।

## १२ सेवा प्रवाह

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा पालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । पालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, पञ्जिकरणको तथ्याङ्क तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । यस पालिका तथा अन्तर्गतका वडाबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छः

| | |
|---|---|
| मृत्युदर्ता | २१९ |
| बसाईसराई भई आउनेको दर्ता | १४ |
| बसाईसराई भई जानेको दर्ता | ४९ |
| विवाह दर्ता | २८९ |
| अन्य | ३६ |

## १३ योजना छनौट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरूको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिएको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरूको सूची तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

## १४ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरूप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनु पर्दछ। यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहाय अनुसार छन्:

| क्र. सं . | योजना | योजना संख्या | रकम |
|---|---|---|---|
| 1 | रु.१ लाख भन्दा कमका योजना | ११ | ६७३७२९.४१ |
| 2 | रु.१ लाख देखि ५ लाख सम्मका योजना | १२९ | ३३६३४२८६.९६ |
| 3 | रु.५ लाख देखि १० लाख सम्मका योजना | २९ | १८६८०४९६ |
| 4 | रु. १० देखि ५० लाख सम्मका योजना | २५ | ६९१९२५८१ |
| 5 | रु.५० लाख भन्दा माथिका योजना | ५ | ३४२७६५७७ |
| | | १९९ | १५६४५७६७०.१६ |

## १५ तलबी प्रतिवेदन

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३८ कर्मचारीको रु. २ करोड ४६ लाख ३७ हजार ८ सय र पालिकाका चालुतर्फ ३० कर्मचारीको रु १ करोड ८३ लाख ७ हजार ४ सय गरी रु. ४ करोड २९ लाख ४५ हजार २ सय खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

## १६ कर्मचारी दरबन्दी तथा करार

१६.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सँगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । उपदफा ४ मा कर्मचारीको दरबन्दीको प्रस्ताव तयार गर्दा स्थायी कर्मचारीको लागि चाहिने तलव, भत्ता, सञ्चयकोष कट्टी रकम, योगदानमा आधारित उपादान वा निवृत्तिभरण, औषधिउपचार सम्बन्धित बिदा जस्ता सेवा सुबिधाको लागि लाग्ने खर्च व्यहोर्ने श्रोत समेतको बिस्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुनेगरी मात्र दरबन्दी स्वीकृत गर्नुपर्ने प्रावधान रहेको छ । यस पालिकालाई विगत वर्षमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विभिन्न पदमा १०३ जनाको दरबन्दी स्वीकृत गरेकोमा पालिकाको सभाले १४६ जनाको दरबन्दी स्वीकृत गरी सो मध्ये कार्यालय सहयोगी सहित विभिन्न पदमा ५० (१२ जना कार्यक्रम समेत) कर्मचारीहरू करारमा राखी जम्मा रु.१,३९,२४,८१६।- भुक्तानी दिई खर्च लेखेको विवरण प्राप्त भएको छ । कार्यालयले सँगठन व्यवस्थापन र सर्भेक्षण गरेर थप दरबन्दी स्वीकृत गरेको जनाएतापनि आन्तरिक स्रोतको विश्लेषण र दिगो व्यवस्थापन बेगर नै सभाले दरबन्दी थप गर्नु र करारमा नियुक्ति गरी भुक्तानी गरेको कार्यलाई यथार्थमा आधारित भएर गरिएको भन्न मिल्ने देखिँदैन ।

१६.२ **कर्मचारी करारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ। पालिकाले माथि उल्लेखित पद बाहेकको विभिन्न पदमा १० जना करार नियुक्ति गरी वर्षभरीमा रु. ३६८२१०७। भुक्तानी गरेको अनियमित देखिएको रु.

| क्र.सं. | पद | संख्या | रकम |
|---|---|---|---|
| १ | अ.न.मी. | ४ | १४७२८४३ |
| २ | अ.हे.ब. | ४ | १४७२८४३ |
| ३ | डाके रूप असिष्टेन्ट | १ | ३६८२११ |
| ४ | ल्याब असिस्टेन्ट | १ | ३६८२११ |
| | जम्मा | १० | ३६८२१०७ |

| | |
|---|---|
| अनियमित भएको | ३६,८२,१०७ |

१७ **पदाधिकारी सुविधा**

गण्डकी प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन अनुसार पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम नबढ्ने र दोहोरो नपर्ने गरी सुविधा पाउने व्यवस्था गरेको छ । यस पालिकाले आर्थिक वर्ष २०८०।८१ मा ४३ जना पदाधिकारीहरूलाई पदाधिकारी सुविधामा रू.९४,५८,५४२।-, पदाधिकारी बैठक भत्तामा रू.३,६१,०००।– र पदाधिकारीको अनुगमन तथा दैनिक भ्रमण तथा भत्ता रू.३,०३,२७५।– समेत रु.१,०१,२२,८१७।- खर्च लेखी भुक्तानी गरेको विवरण प्राप्त भएको छ । कानुन बमोजिमको रकम दोहोरो नपर्ने गरी भुक्तानी हुने व्यवस्था मिलाउनु पर्दछ ।

१८ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । प्राप्त विवरण अनुसार यस स्थानीय तहले राहत प्रयोजनको लागि यो वर्ष विभिन्न ८१ जना व्यक्ति एवं संघ संस्थालाई पालिकामा नगर प्रमुख र वडामा वडाध्यक्षको तोक आदेशबाट जम्मा रु. १०,००,०००।– तथा संघ संस्था सहायता र अन्य संस्था सहयोग प्रयोजनको लागि भनि बिभिन्न ३४ व्यक्ति तथा संस्थालाई रु. ५,८७,५६७।६० समेत जम्मा रु.१५,८७,५६७।६० आर्थिक सहायता वितरण गरेको विवरण प्राप्त भएको छ। यस्तो खर्चमा कानुनको पूर्ण पालना गर्दै सहायताग्राहीको विवरण सार्वजनिक गरी पारदर्शिता कायम गर्नुपर्दछ।

१९ **खाना, खाजा तथा विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना, खाजा तथा अन्य विविध खर्च समेत रु.१४,७५,३९५।- खर्च गरेको विवरण प्राप्त भएको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

२० **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।

२१ **जिन्सी व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को परिच्छेद १० मा सरकारी सम्पत्तिको जिम्मा, लगत र संरक्षण सम्वन्धी व्यवस्थाहरू रहेका छन् । पालिकाले यो वर्ष जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित निम्नानुसारका सुधार तथा सुझावहरू लेखापरीक्षण अवधिसम्म कार्यान्वयन गरेको नदेखिएकोले कार्यान्वयन गरिनु पर्दछ ।

- गाउँ पालिका ,वडा कार्यालयहरू तथा स्वास्थ्य कार्यालयहरूमा संघीयता लागु हुनु भन्दा धेरै समय पहिले देखि रहेका पुराना काम नलाग्ने सामाग्रीहरू रहेकाले त्यस्ता पुराना सामाग्रीहरू राख्ने ठाउँको अभाव भएको र यसले गर्दा कार्यालयको सौन्दर्यता समेत नराम्रो देखिएकोले त्यस्ता सामाग्रीहरू कानुनी प्रकृया पुरा गरी लिलाम हुने खालका सामाग्रीहरू लिलाम गर्ने तथा मिनाहा गर्ने तर्फ आवश्यक प्रकृया अघि वढाउन उपयूक्त देखिन्छ ।
- मर्मत गरेर चालु हालतमा आउने सामानहरू मर्मत गरेर प्रयोगमा ल्याउने व्यवस्था मिलाउनु उपयुक्त हुने।
- आयूर्वेद स्वास्थ्य औषधालयका भवनहरू जिर्ण अवस्थामा रहेको देखिएकोले पुननिर्माण गर्न वा उपर्युक्त वैकल्पिक व्यवस्था मिलाउन पर्ने ।
- केही वडा कार्यलय तथा स्वास्थ्य कार्यालयमा रहेका समाग्रीहरूको जिन्सी खातामा व्यवस्थीत गरी राखेको नपाईएको हुँदा व्यवस्थित गरी राख्नु पर्ने देखिन्छ ।
- स्वास्थ्य कार्यलयहरूमा औषधी जन्य सामाग्रीहरूको अभाव हुन नदिने व्यवस्था मिलाउनु पर्ने देखिन्छ।
- स्वास्थ्य कार्यालय जस्तो महत्त्वपूर्ण कार्यालय कर्मचारी बिदामा वसेको कारण विगत केही समयदेखि बन्द रहेको पार्इएकोले अन्य वैकल्पिक व्यवस्था गरी सञ्चालनमा ल्याउनुपर्ने देखिन्छ ।
- कार्यालयमा रहेका सरकारी सामान ,तथा सम्पत्तिको संरक्षण गर्नुपर्ने दायित्व सबैको रहेको हुँदा बिजुली बत्ती ,पानी खपत तथा अन्य सम्पत्तिको संरक्षण गर्न सबैले ध्यान दिनु पर्ने देखिन्छ ।

२२ **सफ्टवेयर खरिद र परिचालन**

सार्वजनिक खरिद नियमावली 2064 को नियम 3 अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यकताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र यकिन गरी लागत अनुमान तयार गरेर विभिन्न ४ सफ्टवेयरहरूमा गत वर्षसम्म रु.६,७९,६९५।- भुक्तानी गरेकोमा यो वर्ष रु.८,८७,०००।- सहित रु.१५,६६,६९५।- भुक्तानी गरेको छ। सफ्टवेयर खरिदको आवश्यकता यस्तो लागत अनुमान त्यसको पूर्ण प्रयोग, उक्त सफ्टवेयर सञ्चालनको स्वीकृति र सफ्टवेयर अडिट गरेको छैन। उक्त सफ्टवेयर प्रयोगमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्शदाता माथि निर्भर रहेको छ। तसर्थ यस्ता सफ्टवेयर खरिद प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसँग आवद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

| क्र.सं. | योजना कार्यक्रमको नाम | खरिद गरेको वर्ष | सफ्टवेयर खरिद रकम | यो वर्षको वार्षिक मर्मत खर्च | हालसम्मको मर्मत सम्भार खर्च | हलको अवस्था |
|---|---|---|---|---|---|---|
| १ | सूचना प्रणाली तथा सफ्टवेयर विकास | २०८० | ३९५५०० | ० | ० | चालु अवस्थामा छ |
| २ | अनुदान सहयोग एवं सामग्रीको अभिलेख सफ्टवेयर | २०८० | ४९१५०० | ० | ० | चालु अवस्थामा छ |
| ३ | एकीकृत कर संकलन सफ्टवेयर | २०७७ | ३४०१३० | ० | ० | चालु अवस्थामा छ |
| ४ | योजना व्यवस्थापन प्रणाली | २०७७ | ३३९५६५ | ० | ० | प्रयोगमा आउन नसकेको |
| | | जम्मा | १५६६६९५ | | | |

धेरैजसो सफ्टवेयरहरु प्रयोगमा रहेको व्यहोरा कार्यालयले जनाएको छ ।

२३ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्बन्धि व्यवस्था छ । न्यायिक समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवाद दर्ता एवं फर्स्योट विवरण अनुसार गतवर्ष फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी

नरहेकोमा यस वर्ष विभिन्न विषयका ८ वटा विवाद दर्ता भएकोमा ७ वटा फर्स्यौट भई १ वटा फछ्र्योट हुँन बाँकी रहेको छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२४ **सहकारी नियमन**

साबिक डिभिजन सहकारी कार्यालयहरू मध्ये संघीयताको कार्यान्वयन सँगसँगै यस पालिकामा रहेका मध्ये ४१ वटा संस्थाहरू एकीकरणमा गएकोमा २२ संस्था सक्रिय रही १९ वटा संस्थाहरू निष्कृय रहेको विवरण प्राप्त भएकोमा निष्कृय रहेको संस्थाहरूमा सर्वसाधारणको पूँजी र सम्पत्ति के कस्तो अवस्थामा रहेको छ सोको जोखिमलाई न्यूनिकरण गरी सर्वसाधारणको सम्पत्ति र अधिकारको संरक्षणको सम्बन्धमा पालिकाले थप यथेष्ठ पहल गर्नुपर्ने देखिन्छ । यस सम्बन्धमा सम्बन्धित पदाधिकारी र कर्मचारीहरूको ध्यान जानु आवश्यक छ । सहकारी संस्थाहरूको प्रवर्द्धन र नियमनमा प्रभावकारिता ल्याउन एवं सहकारी क्षेत्रको एकीकृत तथ्याङ्कको आधार सिर्जना गर्न पालिका भित्र रहेका सक्रिय सहकारी संस्थाहरूलाई इन्टरनेटमा आधारित एकीकृत विद्युतीय व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा आबद्ध गराउन र निष्कृय रहेका सहकारी संस्थाहरूलाई शेयर सदस्य र बचतकर्ताहरूको शेयर तथा बचत रकमको भुक्तानी पाउनुपर्ने वा तिनुपर्ने दायित्व समेत सुरक्षित हुने गरी नियमानुसार एकीकरण तथा खारेजीको प्रकृया अगाडि बढाउन पालिकाले थप पहल गर्नुपर्दछ ।

त्यसैगरी सहकारी क्षेत्रमा देखिएका विकृति तथा समस्याहरूलाई सुधार गर्न, सञ्चालन खर्चमा कटौती गरी उत्पादन क्षेत्रमा लगानी बढाउन, सदस्यहरूलाई प्रदान गर्ने सेवामा गुणात्मकता कायम गरी संस्थाहरूको दिगो विकास र स्थायित्व प्रदान गर्न सहकारी ऐन, २०७४ को दफा ८७ एवं यस पालिकाको सहकारी ऐन, २०७४ बमोजिम सहकारी सस्थाहरूको एकीकरण विघटन तथा दर्ता खारेज गर्ने कार्यलाई व्यवस्थित गरी सहकारी संस्थाहरूको संख्यालाई चुस्त र दुरुस्त बनाउन एकिकरण, विघटन तथा खारेजी सम्वन्धी आवश्यक कानुन तथा कार्यविधि निर्माण गरी कार्यान्वियन गर्नुपर्दछ ।

२५ **पेश्की बाँकी**

आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ७४ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा पेश्की फछ्र्योट सम्बन्धी व्यवस्था रहेको छ । कार्यालयले उपलव्ध गराएको विबरण अनुसार निम्न संस्थाले देहाय बमोजिम लिएको म्याद ननाघेको रु.३१२४७५।- मोबिलाइजेशन पेश्की बाकी रकम आर्थिक वर्षको अन्त्य सम्ममा पनि फर्स्यौट नभई बाँकी रहेको देखिएको हुदा नियमानुसार फर्स्यौट हुनु पर्दछ ।

| भौ.नं.।मिति | पेश्की लिनेको नाम | पेश्की प्रयोजन | म्याद ननाघेको | जम्मा |
|---|---|---|---|---|
| २ | साथी कन्स्ट्रक्सन प्रा लि | सडक निर्माणका लागि आ व २०७९।८० कै पेस्की | ३१२४७५.०० | ३१२४७५.०० |
| | | जम्मा | ३१२४७५.०० | ३१२४७५.०० |

२६ **ढिलागरी राजश्व दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तदायित्व ऐन¸ २०७६ को दफा २८मा आफ्नो जिम्मा आएको सरकारी नगदी सोही दिन वा सोको भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने र मनासिव माफिकको कारणले दाखिला गर्न नसकिने भए कारण खुलाई एक तह माथिको अधिकारी समक्ष म्याद थप माग गर्न सक्ने र तोकिएको समयमा दाखिला नगरेमा दाखिला गर्न वाँकी रकमको १० प्रतिशत जरीवाना गरी कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिमको कारवाही गर्नुपर्ने उल्लेख रहेको छ। यो वर्ष पालिका मातहतका ८ वटा वडा कार्यालयहरूले नगद आम्दानी गर्दा उक्त अवधी भन्दा धेरै ढिला हुनेगरी कतिपयले महिनाको एकपटक वा सोभन्दा पनि ढिला हुनेगरी एकमुष्ठ रूपमा प्राप्त नगदलाइ पालिकाको बैङ्क खातामा दाखिला गर्ने गरेको देखियो। यसप्रकार वडाहरूबाट ढिला गरी दाखिला गर्ने गरेकोमा पालिकाले उक्त कानुन बमोजिम लाग्ने जरिवाना रकम समेत असुल गरेको छैन। यसमा पालिकाको ध्यान गई कानुन बमोजिम सुधार हुनुपर्छ ।

२७ **नक्सापास दस्तुर**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद-७ दफा नं २७ देखि ४३ सम्म भवन निर्माण र घर जगाको नक्सापास सम्बन्धी प्रावधानहरू उल्लेख रहेका छन। कार्यालयले यो वर्ष सेवाग्राहीहरूबाट निवेदन बापत रु.३९,०००। र २२६ जना सेवाग्राहीबाट घरजग्गा

नक्सापास दस्तुर रु.६८९४१७ । समेत हुने रु ७२८४१७। असुल गरेको देखियो।

२८ **मेशिन तथा उपकरणको खर्च र आम्दानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने, दफा १९ मा आफ्नो कार्यालय तथा मातहत कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरूप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने र बिनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वियन गर्ने कर्तव्य सम्बन्धित लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने उल्लेख छ । नियमावली, २०७७ को नियम ३९ उपनियम (१० ) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल,भरपाई र कागजात संलग्न भए वा नभएको संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकामा गत तथा बिगत वर्षहरूमा खरिद तथा प्राप्त भएका देहायका मेशिन, उपकरण तथा सवारी साधनहरू यो वर्ष सञ्चालन गर्दा निम्नानुसार रु. ५२६८८०७। खर्च भएको र उक्त साधनहरूबाट वार्षिक रूपमा रु ४६३७६०। अर्थात खर्चको तुलनामा ८.८०% मात्र आम्दानी भएको विवरण प्राप्त भएको छ ।यस प्रकार भएको खर्च र आम्दानीलाई स्वभाविक रूपमा भएको कारोबार भन्न मिल्ने नदेखिएको हुँदा यस सम्वन्धमा सम्बन्धित पक्षको ध्यान जानु पर्ने देखिन्छ ।

| क्र.सं. | सवारीको नाम | सवारी नं. | खरिद मूल्य | बार्षिक मर्मत | बार्षिक ईन्धन | चालक पारिश्रमिक | सहचालक पारिश्रमिक | जम्मा खर्च |
|---|---|---|---|---|---|---|---|---|
| १ | ब्याक हो लोडर | २३१.०० | ४८०००००.०० | ९७६६३६.८० | ११०५७६४.६१ | ४६८९८९.४१ | २३१०९५.९० | २७८२४८७.०० |
| २ | टिपर | २३०.०० | ४१८९९९९.०० | १४६०२५.३८ | २९०२००.०० | ४१५९७९.४१ | २६३१९६.४० | १११५४०१.०० |
| ३ | एम्बुलेन्स | ५८७.०० | १०५००००.०० | १७७१४७.३१ | २४८०८३.०६ | ३२२१३०.०० | ०.०० | ७४७३६०.४० |
| ४ | एम्बुलेन्स | ५१४३.०० | नखुलेको | ५८२७१८.६२ | ४०८४०.२८ | ०.०० | ०.०० | ६२३५५८.९० |
|  | जम्मा |  |  | १८८२५२८.०० | १६८४८८८.०० | १२०७०९९.०० | ४९४२९२.३० | ५२६८८०७.०० |

**(क) एम्बुलेन्सको आय-व्ययः** पालिकाले आफ्नो नाममा रहेको मेशिनहरूको उपयोग तथा दीगो व्यवस्थापनको लागि कार्यविधि तयार गरी व्यवस्थित तरिकाले सञ्चालन गर्नुपर्दछ। पालिका अन्तर्गत ग १ झ ५८७ नम्बरको एक एम्बुलेन्स र मकैसिं स्वास्थ्य केन्द्रमा एक एम्बुलेन्स (ग १ झ ५७५१) र दरभुङ्ग स्वस्थ्य चौकीमा एक एम्बुलेन्स सञ्चालनमा रहेको छ । ती साधनहरू पालिकाको कार्यमा र समय समयमा अन्यत्र भाडामा समेत प्रयोग हुने गरेको भए तापनि पालिकाले सञ्चालन सम्बन्धी व्यवस्थित अभिलेख राखी आम्दानी असुल गरेको छैन । एम्बुलेन्स सञ्चालनमा भएको समय, ईन्धन खर्च खुल्ने लगसिट तथा आम्दानीको व्यवस्थित अभिलेख राख्ने नगरेबाट यी साधनहरूको सञ्चालन आय तथा व्यय अवस्था यकिन गर्न सक्ने अवश्था रहेन । व्यवस्थित तरिकाले एम्बुलेन्स सञ्चालन गरी सोबाट प्राप्त हुने आय पालिकाको खातामा जम्मा भएको सुनिश्चित हुने प्रणाली विकास गर्नुपर्दछ।

२९ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर लगाउने व्यवस्था रहेको छ । गाउँपालिकाले योवर्ष व्यवसाय कर बापत रु. १५९००६।रकम असुल गरेको जनाएको छ । पालिकाको कार्यालयले व्यवसायहरूको लगत राखी राजस्व असुल गर्नुपर्नेमा लगत राखेको पाइएन । पालिका क्षेत्र भित्रका व्यवसाय एवं व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३० **अभिलेख**

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्रका करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

## ३१ हिसाब मिलान

पालिकाले पेश गरेको आम्दानीको शीर्षकवाइज विवरण अनुसार आन्तरिक आय रु १,२७,६१,२६६।२४ र आन्तरिक राजश्व वाडफाँडबाट प्राप्त वाडफाँड पछिको आय रु ३४,३६,४०६/४० समेत खुद आन्तरिक आम्दानी रु १,६१,९७,६७२/६४ प्राप्त भएको देखियो ।तर पालिकाले पेश गरेको आय व्ययको विवरणमा आन्तरिक आय रु १,२८,०४,२६८/८४ र वाडफाँड बाट प्राप्त आन्तरिक राजश्व रु ६३,०८,७४८/५० समेत जम्मा रु १,९१,१३,०१७/३४ मा गत वर्ष प्राप्त भई यो वर्ष आम्दानी बाधेको रु ७,९७,५००/- लाई घटाउदा खुद आन्तरिक आम्दानी यो वर्षको रु १,८३,१५,५१७/३४ रहेको देखिन आयो ।यसप्रकार आन्तरिक राजश्वको शीर्षकवाइज भएको आम्दानी पालिकाले आय व्यय विवरणमा कायम गरेको आम्दानीसँग फरक पर्न गएको रु २१,१७,८४४/७० का सम्वन्धमा हिसाब मिलान तयार गरिनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २१,१७,८४५ |

## ३२ आन्तरिक आय

पालिकाले पेश गरेको विवरण अनुसार यो वर्ष आन्तरिक आय रु २ करोड २ लाख ५० हजार (स्थानीय राजस्व वाडफाडबाट प्राप्त आय समेत) सङ्कलन गर्ने अनुमान गरेकोमा यस वर्ष आन्तरिक आय तर्फ रु. १६१९७६७२।(स्थानीय राजस्व बाँडफाँड पछि प्राप्त आय समेत) आम्दानी देखाएको छ । जुन वार्षिक अनुमानित आय भन्दा २०.०१ प्रतिशतले घटी असूल भएको देखिन्छ । अनुमानित राजश्वको दायरा बढाई थप राजश्व संकलन गर्ने र आत्मनिर्भर हुने तर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ ।

## ३३ नदिजन्य पदार्थको उत्खनन तथा ठेक्का व्यवस्थापन

पालिकाले यो वर्ष जम्मा १३ ठेक्का मार्फत जम्मा ७३२१६ घनमिटर परिमाण नदीजन्य पदार्थको उत्खनन, सकंलन र बिक्रीको लागि ३ पटकसम्म प्रस्ताव आह्वान गर्दा न्युनतम रु.२,३४,४५,५०४। मध्ये बुट्वार, बार्बेघाट र बादरेघाट ३ वटा ठेक्काको २०४९६ घनमिटर परिमाणको न्यूनतम मुल्याङ्कित रु.६५,१७,७२८। लाख रकमको ठेक्का व्यवस्थापन रु.६७,१३,६००।मा भइ सम्झौता भएकोमा २ ठेक्काबाट रु. २६,७१,८००। आम्दानी भएको छ। देहाय बमोजिम १३ मध्ये १० नदी तथा खोलाहरूको स्थानमा नदीजन्य पदार्थ ५२७५६ घन मिटरको न्युनतम् मुल्याकंन लागत रु. १,६९,२७,७७६। रकमको उत्खनन, संकलन र विक्रि गर्न ३ पटकसम्म ठेक्का आह्वान गर्दा समेत कुनै पनि ठेकेदारले प्रस्ताव पेश नगरेबाट ठेक्का व्यवस्थापन र सम्झौता हुन नसकी आय प्राप्त हुन नसकेको व्यहोरा कार्यालयले जनाएको छ।

| सि नं | घाट तथा क्षेत्र | उत्खननयोग्य परिमाण घ.मि. | न्यूनतम मुल्याङ्कन रकम |
|---|---|---|---|
| | त्रिशुली नदी घाट क्षेत्र | | |
| १ | बट्टार घाट | १२०९६ | ३८४६५२८ |
| २ | ज्यामिरे घाट | २०८० | ६६१४४० |
| ३ | आम्बोटे घाट | ७२० | २२८९६० |
| ४ | बरबै घाट | ७२०० | २२८९६०० |
| ५ | बादरे घाट | १२०० | ३८१६०० |
| ६ | गोर्दी घाट | ६७२० | २१३६९६० |
| | बुढी गण्डकी नदी घाट क्षेत्र | | |
| ७ | सिउरेनीटार घाट | २०१६० | ६४१०८८० |
| ८ | छोटेटार घाट ( क ) | ७०४० | २२३८७२० |
| ९ | छोटेटार घाट ( ख ) | १९२० | ६१०५६० |
| १० | दर्वुङ्ग घाट | ४४८० | १४२४६४० |
| ११ | कौदी घाट | १६०० | ५०८८०० |
| १२ | कालिका घाट | ८००० | २५४४००० |
| १३ | चालिसे घाट | ५१२ | १६२८१६ |
| | जम्मा | ७३२१६ | २३४४५५०४ |

### ३४ दहत्तर बहत्तरको शुल्क, जरिवाना र व्याज असुली

बादरेघाट संकलन केन्द्रबाट ढुंगा, गिटी, वालुवा उत्खनन् संकलन र विक्री गर्नका लागि मिति २०८०/०८/१२ मा पृथ्वी निर्माण सेवासँग रु ३८२०००। को ठेक्का सम्झौता भएको छ । निजले सम्झौताका बखत रु. १९१०००।नगद दाखिला गरेको छ भने बाँकी रकम रु. १९१०००। मा १३ प्रतिशतले हुने मु अ कर र १.५ प्रतिशत अग्रिम आयकर समेतले हुने रकम लेखापरीक्षण अवधि २०८१/८/२ सम्म पनि दाखिला भएको देखिन आएन ।तसर्थ उक्त बाँकी रकम र निजसँग भएको सम्झौताको दफा ४.३० बमोजिम प्रचलित कानुन बमोजिम बिगो र बिगो बमोजिम लाग्ने जरिवाना र व्याज समेतले हुने रकम निजको कार्यसम्पादन जमानत जफत गरेर र अन्य जायजेथाबाट समेत असुल गरी राजश्वका सम्बन्धित शिर्षकहरूमा दाखिला गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९१,००० |

### ३५ मु.अ.कर र अग्रिम आयकरको रकम

पालिकाले ३ पटक सम्म पनि ठेक्का आहवानको प्रस्ताव प्रकाशित गर्दा समेत कुनै प्रस्ताव पेश हुन नआएको गोदीघाट संकलन तथा उत्खनन् केन्द्रको रु ६७२० घनमिटर गिट्टी,बालुवा र ढुंगा उक्त स्थानमा निर्माणाधिन हाइड्रोपावर श्री ब्लू इनर्जी लिमिटेड र निजको निर्माण श्री सि.ई. कन्सट्रक्सन प्रा.लि. लाई पालिकाले २०८१/०१/२८ र २०८१/०१/२८ मा पत्र लेखी उक्त परिमाण निज कम्पनीहरूले प्रयोग गरेको जनाई प्रति घनमिटर रु ३१८/- र सो मा लाग्ने मु.अ.कर र १.५ प्रतिशत अग्रिम आयकर समेतले हुने रकम राजश्व दाखिला गर्न ताकेता गरे बमोजिम उक्त कम्पनीबाट रु २४,४६,८१९/- २०८१/२/३ मा पालिका खातामा दाखिला भएको छ । तर पालिकाले उक्त रकम मध्ये मु.अ.करको रु २,७७,८०५/- र १.५ प्रतिशत अग्रिम आयकर रु ३२,०५४/- संघीय सरकारको राजश्व खातामा दाखिला गरेको देखिन नआएकोले दाखिला गर्नुपर्ने रु. ३,०९,८६०/-

त्यसैगरी निज हाइड्रोपावर कम्पनीले उक्त परिमाण मात्र प्रयोग गरी IEE प्रतिवेदनले तोके भन्दा बढी परिमाण उत्खनन्, संकलन र प्रयोग गरेको छैन भनी अनुगमन गरी प्रतिवेदन लिएको नदेखिदा सो सम्वन्धमा यकिन हुन सकेन ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,०९,८६० |

३६ **बालुवा गिट्टीको विक्री**

यस पालिकाको वडा नं ६ स्थित पालिकाको स्वामित्वमा रहेको जग्गा संरक्षण उपभोक्ता समिति वन्टारलाई १८२/२०८१/२/२७ बाट उक्त जग्गा संरक्षणको कार्य गरेबापत पालिकाले रु १५,०३,९१७/- भुक्तानी गरेको छ । उपभोक्ता समितिले कार्य गर्दा आवश्यक पर्ने १५० घन मि. गिट्टी र ८० घन मी. बालुवा योनिक कन्स्ट्रक्सन प्रा.लि. बाट खरिद गरी विल बमोजिम निजलाई रु ४, ०६,८००/- भुक्तानी गरेको छ ।निज कन्स्ट्रक्सन कम्पनी यसै पालिकाको वडा नं २ मा अवस्थित रहेको र उक्त विक्री गरेको परिमाण सम्बन्धित पालिकामा नियमानुसार यो वर्ष उत्खनन् संकलन र विक्रीको लागि सम्बन्धित स्थानीय तहसँग खरिद गरेको देखिन आएन । यसप्रकार निजले नियमानुसार खरिद गरेको आधार र प्रमाण पेश हुनु पर्दछ अन्यथा चोरी निकासी तथा पैठारी गरेको समेत देखिने हुँदा उक्त रकम निज विक्रेताबाट असुल गरी कानुन बमोजिम कारबाही हुनुपर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,०६,८०० |

३७ **मु.अ.कर र अग्रिम आयकर**

पालिकाले यो वर्ष ढुंगा, गिट्टी,वालुवा आदि दहत्तर वहत्तर बापत जम्मा रु ६७,९२,५३३/- आम्दानी गरेको मध्ये विभिन्न ८ वटा वडाहरूमा यो वर्ष उपभोक्ता समितिहरूबाट जम्मा रु ९,५६,२७३/- आम्दानी गरेको व्यहोरा कार्यालयको अभिलेखबाट देखिन्छ । पालिकाले दहत्तर वहत्तरको ढुंगा, गिट्टी र वालुवाको शुल्क असुल गर्दा गण्डको प्रदेश आर्थिक ऐनले तोकेबमोजिम प्रतिघनमिटर रु ९ सो मा लाग्ने १३ प्रतिशत मु.अ.कर तथा १.५ प्रतिशत अग्रिम आयकर समेतका दरले हुने रकम असुल गर्नुपर्नेमा पालिकाले मु.अ.कर र अग्रिम आयकर बाहेक रु ९/- का दरले मात्र शुल्क असुल गरेको व्यहोरा संलग्न विल भरपाई र नगदी रसिदहरबाट देखिन्छ ।सो मध्येबाट रु ३,१२,६००/- रकममा लाग्ने मु.अ.कर र अग्रिम आयकरको रकम एकमुष्ट रूपमा ३/३ वटा बैङ्क भौचरबाट सम्बन्धित राजश्व खातामा दाखिला गरेको बैङ्क भौचर देखिन आयो भने बाँकी रु ३,४३,६७३/- रकममा लाग्ने मु.अ.कर रकम र अग्रिम आयकरको रकम असुल गरी सम्बन्धित संघीय राजश्व खातामा दाखिला गरेको देखिन नआएकोले सम्बन्धित उपभोक्ता समितिहरूसँग सो बापतको रकम असुल गराई दाखिला गरिनुपर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९३,३३२ |

३८ **जमानत जफत**

बुट्टारघाट उत्खनन् तथा संकलन केन्द्रमा तेस्रो पटक आहवान गरेको ठेक्का प्रस्ताव अनुसार एक मात्र ठेकेदार नवप्रतिभा कन्सट्रक्सन कावासोती ८ को कवोल अंक रु. ३८,४७,०००/- को ठेक्का प्रस्ताव स्वीकृत भई कार्यालयले २०८०/७/२४ मा सम्झौता गर्न आउन पत्र लेखेकोमा निज सम्झौता गर्न नआएको कारण जनाई मिति २०८०/०८/२० निजको ठेक्का प्रस्ताव रद्द गरी मिति २०८०/०९/२३ मा निजको कार्यसम्पादन जमानत रु. २,२५,०००/- जफत गरी राजश्व दाखिला गरिदिन बैङ्कलाई पत्राचार गरेको छ । मिति २०८०/०८/२० मा ( 2024 march 3) सम्म मान्य अवधि रहेको उक्त कार्यसम्पादन जमानतको रकम लेखापरीक्षण अवधि २०८१/०८/३ सम्म पनि बैङ्कले जफत राजश्व दाखिला गरेको देखिन नआएकोले पालिकाले नेपाल राष्ट्र बैङ्क मार्फत उक्त कार्यसम्पादन जमानत बापतको रकम सम्बन्धित बैङ्कबाट असुल गराई राजश्व दाखिला गर्नु गराउनुपर्ने देखिएको रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,२५,००० |

३९ **नमुना विद्यालयको भौतिक पूर्वाधार निर्माण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व ऐन, २०७६ को दफा १० उपदफा (१०) खण्ड (ग) मा सम्भाव्यता अध्ययन भई स्वीकृति भईसकेका तथा क्रमागत रूपमा कार्यान्वयनमा रहेका आयोजनाको हकमा क्रमागत आयोजना स्वीकृतिको प्रमाण र खरिद गुरुयोजना अनुरूपमा आगामी वर्षको कार्ययोजना र प्रतिफल प्राप्तिको लागि आवश्यक पर्ने रकम प्रस्ताव गर्नुपर्ने उल्लेख छ ।त्यसैगरी सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ उपदफा (२) बमोजिम खरिद टुक्राउन नहुने र नियमावली,२०६४ को नियम ८ उपदफा (२) खण्ड (ख)

मा खरिदको सम्भावित प्याकेजको सम्बन्धमा उल्लेख छ ।यस पालिका मातहत रहेको ज्ञानमार्ग मा.वि. को रु ३०,७७,५९,१८३/- रकमको गुरुयोजना मिति २०७७/११/११ मा स्वीकृत भई कार्यान्वयनमा रहेको देखियो ।यसरी गुरुयोजना कार्यान्वयनमा आईसकेको अवस्थामा उपरोक्तानुसार बहुबर्षीय स्वीकृति लिए अनुरूप खरिदको प्रकृति अनुरूप प्याकेज बनाई एक्मुष्टरूपमा वोलपत्रको विधिबाट गुरुयोजना अनुरूपमा गरिने कार्यहरू निम्नानुसार गर्नु गराउनु पर्नेमा पालिकाले देहायअनुसार प्रत्येक वर्ष टुक्रा गरी कार्य गराएको देखियो ।यसप्रकार गरेको कार्यलाई उक्त कानुनअनुसार भयो भन्न मिल्ने देखिएन ।यसमा सुधार हुनुपर्छ ।

| सि. नं | आ. व . | स्वीकृत बजेट | लागत अनुमान | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| | | (रु ००० मा ) | (रु ००० मा ) | (रु ००० मा ) | (रु ००० मा ) |
| १ | २०७७/ ७८ | १४००० | १९९८९ | १४०४६ | - |
| २ | २०७८/ ७९ | १०००० | - | - | १४२०० |
| ३ | २०७९/ ८० | १०००० | १०००८ | ७२३४ | ७३४६ |
| ४ | २०८०/ ८१ | १०००० | ११८५२ | ८४०९ | ७४७३ |
| ५ | २०८०/ ८१ | १०००० | १३०० | १२५६ | १२५० |
| ६ | २०८१/ ८२ | १०००० | १२२४८ | - | - |

## ४० बीमा शुल्क

४०.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा निर्माण व्यवसायीलाई निर्माण स्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको जुनसुकै कारणबाट हुने सबै हानिनोक्सानी व्यहोर्ने लगायतका शर्तहरू पुरा गर्ने गरी निर्माण व्यवसायीले निर्माण कार्यको बीमा गर्नुपर्ने प्रवधान उल्लेख रहेका छन् । पालिकाले यो वर्ष गरेका देहाय देहायका निर्माण कार्यहरूमा निर्माण व्यवसायीले उक्त उल्लेखित शर्तहरू पुरा नहुने गरी निर्माण कार्यहरूको बीमा गरेको जनाई विल विजक बमोजिम बीमा शुल्क भुक्तानी गरेको देखियो ।यसप्रकार कानुन बमोजिम तोकिएका शर्तहरू पुरा नहुने गरी गरेको बीमा शुल्क बापतको रकम भुक्तानी गर्न मिल्ने नदेखिदा सम्बन्धित निर्माण व्यवसायीबाट निम्नानुसार असुल हुनु पर्दछ ।

४०.२ फिस्लिङ भैरवी सडक खण्डको स्तरोन्नति गर्ने कार्यका निर्माण व्यवसायी पृथ्वी निर्माण सेवा सँग रु १,४६,८६,१८०/- को ठेक्का सम्झौता मिति २०८०/१०/१८ मा गरी कार्यसम्पन्न गर्ने अवधि २०८१/०२/२५ सम्म तोकी Defect liability period एक वर्ष कायम गरिएको छ ।उक्त ठेक्कामा निर्माण व्यवसायीले सम्झौताको २ महिना भन्दा बढी अवधि व्यतित भए पश्चात मिति २०८०/१२/२८ ( 2024.04.10) मा २०८१/०२/२५ (2024.06.07)सम्म २ महिना भन्दा घटी अवधिको बीमा गराई सो बापत Himalaya Everest Insurance ltd को २ वटा विल विजक संलग्न राखी रु ९८,७४६/- बीमा शुल्क २ वटा ठेक्का विल मार्फत भुक्तानी गरेको छ ।तसर्थ उक्त कानुनका शर्तहरू पालना नहुने गरी गरेको विमालाई कानुनसम्मत भएको भन्न मिल्ने नदेखिदा सो रकम निज निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९८,४७६ |

## ४१ असम्बन्धित कार्यमा भुक्तानी

पालिकाले कुनै पनि योजनाको कन्टिन्जेन्सी रकमबाट भुक्तानी गर्दा सम्बन्धित योजनाको निर्माण कार्यमा सहयोग पुग्ने कार्य वा क्षेत्रमा मात्र खर्च लेख्न सकिने प्रावधान रहेको छ ।सिउरेनीटार वडा नं ७ देखि ८ कार्यालय भवन सम्मको सडक स्तरोन्नती गर्ने योजनाको बजेटबाट कार्यालयले ४ जना शिक्षक र ११ जना कर्मचारी समेत १५ जनालाई अन्य असम्बन्धित कार्य र क्षेत्रमा काज खटाई गो.भौ. नं ७६ मिति २०८१/०३/२३ बाट रु १,५२,९००/- दैनिक भ्रमण भत्ता खर्च भुक्तानी गरेको कार्यलाई नियमसम्मत भएको भन्न मिल्ने नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,५२,९०० |

## ४२ प्रोभिजनल समको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम (१० ) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यसतो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल,भरपाई र कागजात संलग्न भए वा नभएको संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।पालिकाले देहायका निर्माण कार्यहरूमा निम्नानुसार प्रोभिजनल समको रकम निर्माण व्यवसायीलाई ठेक्का विलको भुक्तानी गर्दा भुक्तानी गरेकोले छ ।तर उक्त प्रोभिजनल समको भुक्तानीबाट भएको काम र खर्चलाई पुष्टयाई गर्ने रीतपुर्वकको विल भरपाई र आधार प्रामाणहरू पेश भएको नदेखिएकोले पेश हुनुपर्छ अन्यथा असुल हुनुपर्छ ।

४२.१ फिस्लिङ भैरवी सडक खण्डको स्तरोन्नति गर्ने कार्यका निर्माण व्यवसायी पृथ्वी निर्माण सेवालाई प्रथम र दोस्रो तथा अन्तिम विलको रकम भुक्तानी गर्दा stablish champ site office बापत प्रोभिजनल समबाट रु ५२,९४२/- भुक्तानी गरेकोमा काम भएको प्राविधिक पुस्ट्याई हुने विल विजक पेश हुन आएको नदेखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५२,९४२ |

४२.२ वडा नं २ कार्यालय सभाहल निर्माण तथा पहिरो नियन्त्रण कार्यमा इलेक्ट्रिकल्स आइटम्सहरूलाई लागत अनुमान र निर्माण व्यवसायीसँग भएको सम्झौतामा एकमुष्ट रुपमा प्रोभिजनल सममा रु ५०,०००/- समावेश गरी भौ नं १७८/०८१/२/२७ बाट निर्माण व्यवसायी महादेव भैरवी कन्सट्रक्सन प्रा.लि.लाई विल मार्फत भुक्तानी गरेको छ ।यसप्रकार इलेक्ट्रिकल्स आइटम्सहरूका कार्यहरूलाई प्रोभिजनल सममा राख्न मिल्ने देखिदैन साथै प्रोभिजनल सममा एक्मुष्टरूपमा समावेश गरी भुक्तानी गरेबाट आइटम्सहरूमा के के कार्यहरू के कति परिमाण कार्य भयो खुल्न सकेन ।तसर्थ यसप्रकार गरेको भुक्तानी निज निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,००० |

## ४३ नाफामूलक सहकारी संस्थालाई गाडी खरिदमा अनुदान

४३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, राणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना वनाई लागू गर्नुपर्ने उल्लेख छ । दफा ७६ अनुसार वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालिन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । नाफा कमाउने उद्धेश्यले स्थापित संस्थालाई अनुदान उपलव्ध गराउन मिल्दैन । सहकारी संस्थाको स्वामित्वमा रहेको सम्पत्तिको मूल्य वृद्धि हुने र नाफामूलक संस्थामा खर्च गर्ने सम्बन्धमा पालिकाले नियन्त्रण गर्नु पर्दछ । यस पालिकाले यो वर्ष लक्ष्मी कमर्सियल भेहिकल प्रा.लि. (३०१९७९२४५) बाट रु ३५ लाखमा एक ट्रक खरिद गरी पालिकाको रु २७,९९,९९९/- अनुदानमा भैरवी कृषि सहकारी संस्था वडा नं ६ लाई हस्तान्तरण गरी गो.भौ. नं ४४ मिति २०८१/०२/३० बाट खर्च लेखेको छ ।नाफा मुलक सहकारी संस्थाको व्यवस्थापन तथा सञ्चालन कार्यको लागि यसप्रकार दिएको अनुदान आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७६ अनुसार दिन मिल्ने नदेखिनुका साथै कार्यालयलाई थप व्ययभार श्रृजना भएको हुँदा निज संस्थाबाट असुल हुनुपर्ने रु २७,९९,९९९/-

कृषि विकासका लागि प्रदान गरिने अनुदान कार्यक्रम कार्यान्वयन निर्देशिका,२०७३ को दफा ८ को भावना र मर्म बमोजिम गरिएको कार्य भएको र स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७६ बमोजिम लेखा राखिएको जवाफ कार्यालयको रहेको छ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | २७,९९,९९९ |

४३.२

पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाले गतवर्ष २०७९।८० को मिति २०७९।६।३१ मा रु.३५,२०,०००।- मा एक ट्रक खरिद गरी पालिकाको रु १०,००,०००।– अनुदान सहयोगमा सामुहिक कृषि उत्पादन सहकारी संस्थालाई हस्तान्तरण गरेको छ। नाफा मुलक सहकारी संस्थाको व्यवस्थापन तथा सञ्चालन कार्यको लागि यसप्रकार दिएको अनुदान आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व ऐन, २०७६ को दफा २४ उपदफा (२) र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७६ अनुसार दिन मिल्ने नदेखिनुका साथै कार्यालयलाई थप व्ययभार श्रृजना भएको हुँदा निज संस्थाबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,००,००० |

४४ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. ५ लाखसम्मको खरिद कार्य सोभैm गर्न सकिने, रु. ५ लाखभन्दा माथि रु. २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटकभन्दा बढी सोभैm खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष देहाय बमोजिमका बिक्रेताबाट रु. ८६६०६८८। रकम बराबरको बिभिन्न बस्तु, सामाग्री तथा निर्माण सामाग्री खरिद गरी बिक्रेतालाइ भुक्तानी गरेको विवरण प्राप्त भएको छ । यसरी यो वर्ष पूँजीगत तथा चालु किसिमका सामान खरिद गर्दा अधिकांश खरिद सोझै तथा ३ वटासँग खुला दररेट माग गरी पटक पटक खरिद गरिएको पाइयो । कार्यालयले वार्षिक खरिद योजना बनाई सोही बमोजिम स्वीकृत कार्यक्रम अनुसार खरिदको प्याकेज बनाएर प्याकेज अनुसार एकमुष्ठ रूपमा खरिद कार्यहरू गर्नुपर्नेमा सो बमोजिम गरेको छैन । वर्ष भरिमा कुन कुन मालवस्तु के कति परिमाणमा के कति मूल्यको खरिद भयो एकमुष्ट अभिलेख अद्यावधिक नगरेबाट यकिन गर्न सकिएन । उदाहरणको लागी निम्न खरिदलाई लिन सकिन्छ।

**(विस्तृत विवरण बेरूजु दफा ४४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४५ **टुक्रा गरेर खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (१) मा खरिद गर्दा अपनाउनु पर्ने खरिदका विधिहरू र उपदफा (२) मा खरिद गर्दा टुक्रा पारेर खरिद गर्न नहुने उल्लेख छ।त्यसैगरी नियमावली, २०६४ को नियम ८ मा खरिदको योजना बनाउनु पर्ने र उपनियम १ खण्ड (ख) मा खरिदको सम्भावित प्याकेज सम्बन्धमा उल्लेख छ।पालिकाले देहाय बमोजिमको खरिद कार्य गर्दा खरिदको एकमुष्ठ प्याकेज बनाइ लागत अनुमान तयार गरेर ठेक्का व्यवस्थापन मार्फत गराउनु पर्नेमा एउटै प्रकृतिका कार्यहरू समेत छुट्टाछुट्टै रूपमा सोझै वा ३ वटा खुला दरभाउपत्र लिइ खरिद गराउने गरेको देखियो । यसका केही उदाहरण निम्नानुसार छन् । यसवाट खरिद कार्य व्यवस्थित, कानुन सम्मत, मितव्ययी र प्रतिस्पर्धी रूपमा भयो भन्न सकिने अवस्था देखिएन ।

| क्र. सं= | आयोजनाको नाम | निर्माण व्यवसायीको नाम | आयोजनाको लागत | | आयोजनाको मूल्यांकन अंक | भुक्तानी अंक |
|---|---|---|---|---|---|---|
| | | | विनियोजित अनुदान | कुल लागत अंक | | |
| १ | पातलदेवि आ वि घेरा वार निर्माण | श्रेष्ठ पाण्डव इन्जिनियरीङ्ग | २००००० | १९९९८४ | १९४२५५ | १९४२५५ |
| २ | वडा न ८ को कार्यालय घेरावार निर्माण | खनिज मल्टीकन्स्टक्शन | ५९९००० | ५९९००० | ५८५००० | ५८५००० |
| ३ | वडा कार्यालय घेरावार तथा मर्मत संभार | कर्णाली कन्सट्रक्शन एण्ड सप्लायर्स | ५००००० | ४९९८४२ | ४८५९९२ | ४८५९९२ |
| ४ | वडा कार्यालय घेरावार निर्माण | पर्फेक्ट इन्जिनियरीङ्ग इनोभेसन प्रा.लि. | ५००००० | ४९९९९५ | ४८८३२८ | ४८८३२८ |
| ५ | चित्रादेवी आवि घेरावार वडा न ८ | महा कन्स्टक्शन एण्ड सप्लायर्स प्रा.लि. | १०००००० | ९९९९८८ | ९७७१२५ | ९७७१२५ |
| ६ | सूर्योदय मा.वि.घेरावार | पुजा कन्स्ट्रक्शन, धादिङ्ग | १०००००० | ९९९८८० | ९७७६४७ | ९७७६४७ |
| ७ | खेलकुद पूर्वाधार विकास | युका कन्स्ट्रक्शन | ५००००० | ५२२३८८ | ४९४३४३ | ४९४३४४ |
| ८ | वालकी मा वि स्कुल खेलकुद ग्राउण्ड निर्माण | श्री महादेव भैरवी कन्स्ट्रक्शन | २००००० | १९९५५२ | १९५२६२ | १९५२६२ |
| ९ | विजया भवानी मा.वि. भवन मर्मत | मिनाकमाना कन्स्ट्रक्सन प्रालि | ५००००० | ५००००० | ४९३२८० | ४९३२८० |
| १० | वालकी मा.वि. खेलकुद मैदन निर्माण | श्री महादेव भैरवी कन्स्ट्रक्शन प्रा.लि. | ३००००० | २९९८२३ | २९२७२९ | २९२७२९ |
| ११ | कोराक आपचौर सडक स्तरोन्नती | श्री महादेव भैरवी कन्स्ट्रक्शन | ५००००० | ४९९६११ | ४५८५५२ | ४५८५५२ |
| १२ | तोलक रानागाउँ वाटो स्तरोन्नती | छेवेटार कन्स्ट्रक्शन कम्पनी प्रा.लि. | ८००००० | ७९९३५४ | ७५७७४० | ७५७७४१ |
| १३ | सडक वोर्डे साझेदारी सडक निर्माण | महा कन्स्टक्शन एण्ड सप्लायर्स प्रा.लि. | ६००००० | ६००००० | ४९२००० | ० |
| १४ | भातेचौर सडक निर्माण | पर्फेक्ट इन्जिनियरीङ्ग इनोभेसन प्रा.लि. | ५००००० | ४९९९४० | ४८८६२९ | ४८८६२९ |
| १५ | सानो दर्वुङ्ग तोलक सडक | सोम एण्ड अमर | ५००००० | | | ५९४१६३ |
| १६ | वडा न ४ भित्र बिपद्ज न्य तथा वाटो सरसफाइ | एडिवी इन्जिनीयरीङ्ग | २००००० | १९९८४३ | १८४४१३ | १८४४१४ |
| १७ | ३ न वडा भित्र मोटरबाटो सरसफाइ | एडिवी इन्जिनीयरीङ्ग | ३००००० | २९८९७१ | २७८५७७ | २७८५७७ |
| १८ | वडा कार्यालय थप कोठा निर्माण | वक्रेश्वरी माई निर्माण सेवा | ३५०००० | ३४९७७८ | ३४०६५० | ३४०६५१ |
| | जम्मा | | ९०४९००० | ८५६७९४७ | ८१८४५२४ | ८२८६६८८ |

४६ **मेशिन तथा उपकरण वितरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ४० उपनियम (३ ) मा स्वीकृत कार्यक्रम अनुसार लक्षित समुहलाई वितरण गरिने मालसमान यथासम्भव लक्ष्य कार्यक्रम लागत अनुमान र कुन नियम वा निर्णयबाट कसलाई कसरी वितरण गरिने हो प्रष्ट खोलिनु पर्ने र उपनियम (५) मा जुन कामको लागि दिइएको हो सो काममा लक्ष्यअनुसार खर्च वा प्रयोग गरे वा नगरेको कुराको अनुगमन गरी विवरण तयार गर्नुपर्ने आदि सम्बन्धी उल्लेख छ।पालिकाले यो वर्ष देहायबमोजिम कृषक तथा उपभोक्ताहरूलाई

निम्नानुसार मेसिन तथा उपकरणहरू खरिद गरी ८५ प्रतिशत अनुदानमा वितरण गरेको छ ।यसरी खरिद गर्दा सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ उपदफा (२) विपरित खरिदलाई टुक्रएर वितरण गरेको छ । ।यसरी खरिद गर्दा सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ उपदफा (२) विपरित खरिदलाई टुक्राएर प्रथम पटक रु २६,६९,०९८/- र दोस्रो पटक रु ७,६५,३०८/- समेतम जम्मा रु ३४,३४,४०६/- को खरिद गरी गो.भौ. नं ५५९ समेतबाट पालिकाले रु २९,१९,२४५/- र लाभग्राहीबाट असुल गरी रु ५,१५,१६१/- भुक्तानी गरेको छ । ।पालिकाले यसप्रकारको मेशिन तथा उपकरण खरिद गरी गत विगत वर्षहरूमा समेत कृषक तथा उपभोक्ताहरूलाई अनुदानमा वितरण गर्ने गरेको जनाइकोमा सो अनुरूप अभिलेख अद्यावधिक गरी राखेको देखिन आएन । ।पालिकाले प्रत्येक वर्ष यसप्रकार खरिद गरी अनुदानमा वितरण गरेको मेसिन तथा उपकरणहरू लक्षित वर्गमा पुगे नपुगेको र सो को उच्चतम उपयोगको अवस्था सम्वन्धमा ।पालिका र वडा कार्यालयहरूले समेत अनुगमन गरी प्रतिवेदन लिएको नदेखिदा सोको यथार्थ स्थिति यकिन हुन सकेन ।यसमा सुधार हुनुपर्छ ।

| क्र. स . | मेशिन तथा उपकरण | परिमाण | दर ( मु . अ . कर वाहेक ) | मु. अ . कर समेत जम्मा भुक्तानी |
|---|---|---|---|---|
| १ | Chain saw | २ | २२००० | ४९,७२० |
| २ | Brooder | १२ | २९०० | ३९,३२४ |
| ३ | Rice cutter | १ | १६५०० | १,६५,०० |
| ४ | Mini tiller | ६८ | ३०४०० | २०,६७,२०० |
| ५ | Multi crop thresher | १२ | ४७००० | ५,६४,००० |
| ६ | Sewing machine | ४३ | १३९०० | ६,७५,४०१ |
| ७ | प्लाष्टिक पोखरी ( १० * ८ ) | १ | २०००१ | २०,००१ |
| | | जम्मा | १५२७०१ | १०९०४५ |

## ४७ प्रमाण र पुष्ट्याइ

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्ने र उपनियम (९) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाइ र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने प्रावधान रहेको छ । कार्यालयले देहायका गोश्वारा भौचर र मितिबाट निम्नानुसारको रकम भुक्तानी दिइ खर्च लेखेको छ। तर उक्त रकमबाट सम्बन्धित कार्य भएको प्राविधिक पुष्ट्याई र नापी किताब सहितका बिल भरपाई र प्रमाण पेश हुन आएको नदेखिएकोले पेश हुनुपर्ने रु.

| खरिद विवरण | लागत अनुमान | खरिद विधि | भुक्तानी रकम |
|---|---|---|---|
| खानेपानी पाइप | ४९९४५३।९ | ३ वटा दरभाउपत्र | ४७३९८६ |
| भवानी आ.वि. खानेपानी टंकी खरिद | ९९९२० | अमानतबाट | ९९४४० |
| चण्डी आ.वि. खानेपानी पाईप खरिद | ९९९४५ | अमानतबाट | ९९८९२ |
| खानेपानी पाइप खरिद | ९९९१६ | अमानतबाट | ९६९१६ |
| जम्मा | | | ७७०२३४ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,७०,२३४ |

## ४८ वितरणमुखी कार्यक्रम

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका र दफा १२ मा वडा समितिको काम, कर्तव्य र अधिकार तोकेको छ । दफा १६ को उपदफा (४)(१) क. मा नगर प्रमुखको र (४)(१)ग. मा वडाध्यक्षको काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्थामा नगर प्रमुख र वडाध्यक्षले आर्थिक सहायता दिनसक्ने, वितरणमुखी प्रकृतिका खर्च गर्न मिल्ने र पालिकालाई थप व्ययभार श्रृजना गर्ने प्रकृतिका कार्यमा खर्च गर्न सक्ने अधिकार रहेको देखिएन । दफा ७३ उपदफा (७) मा कार्यपालिकाले सभावाट स्वीकृत बजेटको सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । गाउँपालिका अध्यक्षले पालिकास्तरिय बजेट तथा योजनामा समावेश गराइ देहाय बमोजिम रु १७२४९३६।, पुँजीगत बजेटबाट बितरणमुखी र थप आर्थिक व्ययभार श्रृजना हुने प्रकृतिका कार्यमा खर्च लेखी भुक्तानी दिएको छ । यसरी खर्च गर्दा र गराउदा पालिका प्रमुख वा वडाध्यक्षको तोक आदेश अनुसार खर्च लेखिएको छ । यसप्रकार गरेको खर्च रकमलाइ सभाबाट पछि एकमुष्ठरूपमा खर्च समर्थन गरेको व्यहोरा जनाइएको छ । यस प्रकार खर्च लेखिएको बितरणमुखी र थपव्ययभार सिर्जना हुने प्रकृतिको खर्चबाट पालिकालाई थप दायित्व पर्न गएको रु.

| गो.भौ. नं । मिति | खर्च विवरण | आपूर्तिकर्ता | भुक्तानी रकम |
|---|---|---|---|
| ४।२०८०।९।४ | इन्फ्रारेड विद्युतीय चुलो थान १८१ खरिद गरी वितरण गरेको | रिलेसन ग्रुप प्रा. लि . | ७९९७१२ |
| ६१।२०८१।३।१९ | खेलकुद सामग्री खरिद गरी ११ विद्यालयलाई बाडेको | पालिका एडभरटाईजिङ एण्ड सप्लायर्स प्रा. लि . | १४१६०५ |
| ७२।२०८१।३।२३ | टि.भि. र बेडरुमका सामग्री खरिद गरी वितरण गरेको | सुगम स्टोर्स | २९९६१९ |
| २०८१।३।२० | ५५० वोरा प्राङगारिक मल खरिद गरी वितरण गरेको | किसान एग्रो इन्डस्ट्रिज प्रा. लि . | ४८४००० |
| | जम्मा | | १७२४९३६ |

| अनियमित भएको | १७,२४,९३६ |
|---|---|

४९ **कार्यक्रम पुष्ट्याई**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,१९२,४४३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

५० **सफ्टवेयर खरिद र डिपिआर लगायत अध्ययन कार्य**

कार्यालयले यो वर्ष स्वीकृत कार्यक्रम अनुसार एक सफ्टवेयर खरिद र जडान गरी रु १३५६००। र डिपिआर लगायतको ६ वटा अध्ययन कार्य गराई रु ३६१७४३७। खरिद कार्य गरी देहाय अनुसार रु ३७५३०३७। खर्च लेखेको छ ।

| क. सफ्टवेयर खरिद र जडान कार्य : | | | | | |
|---|---|---|---|---|---|
| क्र. स . | सफ्टवेयर विवरण | जडान गर्ने कम्पनी | लागत अनुमान | सम्झौता | भुक्तानी |
| १ | बिद्युतीय स्वास्थ्य सुचना रेकर्डिङ्ग तथा रिपोर्टिङ्ग प्रणाली (EHIRRS) खरिद र जडान कार्य | कोड फ्युजन टेक्नोलोजिज प्रा ली | २००००० | १३५६०० | १३५६०० |
| | जम्मा | | २००००० | १३५६०० | १३५६०० |
| ख. डिपिआर लगायत अध्ययन तथा डकुमेण्ट्री तयारीको कार्य : | | | | | |
| क्र. सं . | डिपिआरको विवरण | डिपिआर गर्ने कम्पनी | लागत अनुमान | सम्झौता | भुक्तानी |
| १ | राजस्व सुधार योजनाको अध्ययन र प्रतिवेदन तयारी | सोसियल एण्ड इन्फ्रास्ट्रक्चर डेभलपमेण्ट प्रा ली | ४९९९९६ | ४९७२०० | ४९७२०० |
| २ | मातृशिशु स्वास्थ्य सम्वन्धी श्रव्य दृश्य सामाग्री निर्माण | इम्पावर कन्सल्टेण्ट प्रा ली | २९९४५० | २९८३२० | २९८३२० |
| ३ | जनचेतना मुलक सामाग्री निर्माण | रेन्वो मेडिया प्रा ली | ३४९१७० | ३४६९१० | ३४६९१० |
| ४ | गाउँपालिका प्रशासनिक भवन डिपिआर | मेघा सिभिल ईन्जिनियरीङ्ग | नखुल्ने | ४९१५५० | ४९१५५० |
| ५ | सडक गुरु योजना | पवन दुत कन्सलटेण्ट | शीलवन्दी दरभाउपत्र | १४९०१८७ | १४९०१८७ |
| ६ | शहिदपार्क डिपिआर | ल्याटिच्युड कन्सलटेन्सी | ३ वटा दरभाउपत्र | ४९३२७० | ४९३२७० |
| | जम्मा | | | ३६१७४३७ | ३६१७४३७ |

उपरोक्त खरिदको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९ मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने कुराहरू उल्लेख गरिएको छ । कार्यालयले उपरोक्त बमोजिम सफ्टवेयर र अध्ययन कार्य गर्दा र गराउँदा लागत अनुमान तयार गरी स्वीकृत गरेको छ। यसरी लागत अनुमान तयार गर्दा सम्बन्धित कामको लागि वास्तविक रूपमा चाहिने कामको परिमाण र दर विश्लेषण गरेर गर्नुपर्नेमा सो नगरी स्वीकृत बजेटको आधारमा परिमाण कायम गरी लागत अनुमान तयार गरिएको छ । उदाहरणको लागि उपरोक्तानुसारका सफ्टवेयरको विकास र जडान तथा डिपिआर लगायतको लागि चाहिने वास्तविक दक्ष र सपोर्ट जनशक्तिको आवश्यकता भन्दा पनि बजेटले भ्याउने सम्मको दक्ष र सपोर्टका जनशक्ति राखि सो आधारमा लागत अनुमान तयार गरी स्वीकृत गरिएको छ । यसरी तयार भएको लागत अनुमानलाई वास्तविक र यथार्थतामा आधारित भई तयार गरेको भन्न मिल्ने देखिएन।
- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३, मा खरिद कारवाहीको तयारी, आवश्यकता विश्लेषण, नियम ७ र ८ मा खरिदको गुरुयोजना, खरिद योजना,खरिदको प्याकेज र खरिदका विधि आदि सम्वन्धमा उल्लेख छ । कार्यालयले उपरोक्त अनुसारको कार्य गराउदा आवश्यकताको विश्लेषण गरेको देखिएन। पालिकाको बजेट र कार्याक्रममा समावेश गरी स्वीकृत गरेको आधारमा उक्त कार्य गरेको देखिदा यसप्रकार भएको उक्त लगानीको दीगो उपयोगको सुनिश्चितता हुने देखिएन ।
- **न्यून प्रतिस्पर्धा :** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ मा खरिदका विधिहरूको उल्लेख छ । कार्यालयले उपरोक्त बमोजिम सफ्टवेयरको बिकास र जडान, डिपिआर लगायतको अध्ययन कार्य गराउदा रु ५लाख र रु १० लाख सम्मका लागत अनुमान भएका कार्यमा प्रत्येक ३ वटा दरले पत्र मार्फत सोझै र खुला रूपमा दरभाउ पत्र वा वित्तीय प्रस्ताव लिएर र सो भन्दा माथि रु २० लाख सम्म लागत अनुमान भएका कार्यमा प्रत्येक ३ वटा का दरले पत्र मार्फत शिलवन्दी आर्थिक र प्रविधिक प्रस्ताव लिएर

छनौट गरेको छ ।यसरी छनौट भएका घटीवालासँग सम्झौता गरेको देखियो । यसरी गरेको खरिद कार्य स्वच्छ प्रतिस्पर्धा र पारदर्शी भयो भन्न मिल्ने देखिएन ।

- **अभिलेखिकरण र सञ्चालन :** कार्यालयले विगतमा र हाल कार्यालयमा बिकास र जडान गरेका सफ्टवेयरहरू र विगत र हाल अध्ययन गरेका विभिन्न डिपिआर लगायतका अध्ययन कार्यहरूको अभिलेखिकरण गर्नुपर्दछ । कार्यालयले विगतमा र हाल कार्यालयमा बिकास र जडान भएका सफ्टवेयरहरू र अध्ययनका प्रतिवेदनहरूको व्यवस्थित अभिलेखिकरण गरेको देखिएन । कार्यालयमा जिन्सी दाखिला समेत गरिएको पाइएन।

***अधिकांश सफ्टवेयर प्रयोगमा रहेको व्यहोरा कार्यालयले जनाएको छ।***

५१ **पालिका भवन निर्माण कार्यको डिपिआर अध्ययन र ठेक्का व्यवस्थापनमा दोहोरो खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने, दफा १९ मा आफ्नो कार्यालय तथा मातहत कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरूप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने र बिनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वियन गर्ने कर्तव्य सम्बन्धित लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने उल्लेख छ ।पालिकाले वडा नं ६ ओखलडाडा स्थित जग्गामा पालिकाको प्रशासकिय भवन निर्माण गर्ने प्रयोजनका लागि परामर्शदाता इन्जिनियरको घर प्रा ली सँग आ.व. २०७८।०७९ मा सम्झौता गरेर अध्ययन गराइ निजलाइ रु. ४५२०००। भुक्तानी भएको र सो प्रतिवेदनको आधारमा मिति २०७९।१।९ मा बोलपत्र प्रस्ताव आह्वान गरिएकोमा मिति २०७९।२।१६ मा कार्यपालिकाको निर्णयबाट उक्त ठेक्का प्रकृयालाई राजनैतिक कारण उल्लेख गरी रद्ध गरिएको व्यहोरा जनाइएको छ । ।तत्पश्चात पालिकाले वडा नं ६ बन्टार स्थित जग्गामा पालिकाको प्रशासकिय भवन निर्माण गर्ने प्रयोजनका लागि परामर्शदाता मेघा सिभिल इन्जिनियरिङ्ग सँग मिति २०८०।३।२६ मा सम्झौता गरी अध्ययन गराई निजलाई रु. ४,९१,५५०। भुक्तानी भएको र सो प्रतिवेदनको आधारमा मिति २०८०।४।२३ गते बोलपत्र प्रस्ताव आह्वान गरिएकोमा सम्मानित अदालतको आदेशमा उक्त प्रकृया अगाडी नबढेको व्यहोरा जानकारी गराइएको छ । यसप्रकार एउटै उद्धेश्यको लागि पटक पटक एउटै कार्य गराउने स्थित आएबाट पालिकालाई रु.४,९१,५५०। दोहोरो व्ययभार पर्न गइ थप दायित्व श्रृजना हुन गएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,९१,५५० |

५२ **उपभोक्ता समितिबाट गराएको काम**

५२.१ कार्यालयले यो वर्ष गरेको पुँजीगत खर्च मध्ये देहाय बमोजिम १५४ वटा उपभोक्ता समितिहरूबाट रु.१११९४४७७७।को कार्य गराएकोमा रु. ११२३६८८९। को कार्य लागत/ जनसहभागिताबाट गराई बाँकी रु.९९९०७८८८। पालिकाबाट भुक्तानी भएको बिवरण प्राप्त भएको छ ।

| विवरण | उपभोक्ता समिति संख्या | लागत अनुमान | सम्झौता रकम | जम्मा भएको काम | कार्यालयबाट भुक्तानी | लागत/ जनसहभागिता |
|---|---|---|---|---|---|---|
| उपभोक्ताबाट भएको काम | १५४ | ११४५८८९४६ | ११४५८८९४६ | १११९४४७७७ | ९९९०७८८८ | ११२३६८८९ |

उक्त कारोबारको नमुना छनौट गरी गरेको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

५२.२ **हस्तान्तरण र लगत अद्यावधिकः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ र गण्डकी पालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि,२०७४ को दफा ३ उपदफा (२), दफा ४ उपदफा (१) खण्ड (ञ) र खण्ड (ट) लगायतका कानुन अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने, जनसहभागिता वा लागत

सहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत सञ्चालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनुपर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्बन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्था छन् । स्थानीय सीप, श्रोत र साधन उपयोग हुने र स्थानीय स्तरमा कार्य सम्पन्न गर्न सक्ने आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपभोक्ता समितिबाट कार्यहरू गराउदा उक्त कानुनले तोके बमोजिमको अवस्था पालना गरेको नदेखिएको हुदा कानुनको पूर्णरूपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्दछ ।

५२.३ **मूल्य अभिवृद्धि करः** कार्यालयले निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ मा तोकिए बमोजिम तयार गर्नुपर्दछ । जस अनुसार उपभोक्ता समितिबाट गराउने निर्माण कार्यको लागत अनुमान तयार गर्दा ओभरहेड र मुल्य अभिबृद्धि कर बाहेक परिमाण र दर विश्लेषणबाट निकालिएको लागत अनुमानमा मुल्य अभिबृद्धि कर लाग्ने निर्माण सामाग्रीको मात्र मुल्य अभिबृद्धि कर यकिन गरेर (VAT for VATABLE Items) उक्त निकालिएको लागत अनुमानमा थप गरेर हुने रकमलाइ कुल लागत अनुमान कायम गरिनु पर्ने र सोही बमोजिम कार्य गराइ उपभोक्ता समितिले निर्माण कार्य गर्दा लागत अनुमानमा उल्लेख भएको मुल्य अभिबृद्धि कर रकममा नबढ्नेगरी मुल्य अभिबृद्धि कर लाग्ने निर्माण सामाग्री खरिद गर्दा बिल बमोजिम तिरेको वास्तबिक मुल्य अभिबृद्धि कर रकम ठेक्का बिल र कार्य स्वीकार प्रतिवेदनमा समावेश गरेर भुक्तानी गर्नु गराउनु पर्नेमा सो बमोजिम नगरी लागत अनुमानको दर बिश्लेक्षण गर्दा नै मुल्य अभिबृद्धि कर रकम समेत समावेश गरी तयार गरेको र सोही बमोजिमको मुल्य अभिबृद्धि करको सबै रकम उपभोक्ता समितिलाइ भुक्तानी दिने गरेको देखियो । जसले गर्दा उपभोक्ता समितिले वास्तविक रूपमा तिरेको मुल्य अभिबृद्धि कर रकम भन्दा बढी रकम निजलाई भुक्तानी हुन सक्ने अवस्था रहेको हुदा यस सम्वन्धमा यथार्थता यकिन गरिनु पर्ने देखिन्छ ।

५२.४ **भुक्तानीको सिफारिसः** उपभोक्ता समितिहरू मार्फत गरिएका कार्यहरूको भुक्तानी गर्दा केहीमा फोटाहरू संलग्न राख्ने र उपभोक्ता समितिको सिफारिस तथा सम्बन्धित वडा अध्यक्षहरूको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको देखियो । केहीमा फोटाहरू संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिन आएन । त्यसैगरी सम्बन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा अधिकाशं सिफारिसमा सो बमोजिम नगरी बजेट अनुरूपको कार्य सम्पन्न भएकोले भुक्तानीको लागी सिफारिस गर्दछु भन्ने भाषाको सिफारिस गर्ने गरेको देखियो । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरूबाट कार्यहरू भएको छ भनि आश्वस्थता हुने आधार कमजोर रहेको छ ।

५२.५ **जनश्रमदान र लागत सहभागिताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिका सभाले उपभोक्ता वा लाभग्राही समुहबाट गराउने कार्यमा न्युनतम १०% जनसहभागिता जुटाउनु पर्ने निर्णय गरेको जनाइएको छ । कार्यालयले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्पmबाट जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता गरी उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत गरेका कार्यमा ६.७७ प्रतिशत देखी ११ प्रतिशत भन्दा घटीको हाराहारीमा जनसहभागिताबाट कार्य गराएको छ भने १२ वटा योजनामा १० प्रतिशत भन्दा घटीको लागत सहभागितामा र एक योजनामा शुन्य प्रतिशत जनसहभागितामा उपभोक्ताबाट कार्य गराइएको व्यहोरा प्राप्त विवरणबाट देखियो। उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिता र लागत सहभागिताको अंश वृद्धि गरी योजनामा उपभोक्ताको अपनत्व वृद्धि गर्नुपर्दछ ।

५२.६

**सामुदायिक भवन निर्माण:** पालिकाले योवर्ष बिभिन्न वडाहरूमा सामुदायिक भवनहरू निर्माण गरेकोमा निजी जग्गा वा समूह/संस्थाको नाममा रहेको जग्गामा बनाएको हो खुल्दैन । अधिकांश भवनहरू समूह/संस्थाको नाममा रहेको जग्गामा बनाइएको व्यहोरा लेखापरीक्षणको क्रममा जनाइएता पनि सम्झौता साथ जग्गाको लालपुर्जा राख्ने गरेको नदेखिएबाट यकिन हुन सकेन । यसमा नियन्त्रण हुनुपर्दछ ।

५२.७ **सार्वजनिक परिक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यको सामाजिक परिक्षण अन्तर्गत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । अधिकांश कार्य सडक निर्माण तथा मर्मत गर्ने कार्यहरू गरेको भएतापनि, भवन निर्माण, खानेपानी तथा कृषि तथा पशु विकास लगायतका कार्य गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई गरेको जनाएता पनि सार्वजानिक सुनुवाई बिस्तृत रूपमा नगरी तोकिएको फारम भरेर केही सिमित व्यक्तिको न्युन उपस्थिती रहने गरेको, आंशिक कार्यहरूमा खर्चको सार्वजनिकीकरण भनि माइन्युटमा लेखी राख्ने गरेको, फाइलमा राख्ने प्रयोजनको लागी मात्र फारम भरेर राख्ने गरेको अवस्था बिद्यमान रहेको देखियो । त्यसैले सार्वजनिक सुनुवाईको विश्वसनीयता देखिदैन । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रवद्र्धन गर्नुपर्दछ ।

त्यसैगरी बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरू रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरू उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरू भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरू गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन आएन । यस सम्वन्धमा कार्यालयले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

५२.८ **अनुगमन समितिः** गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विवरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी सबै बिकास योजनाको अनुगमन गरेर प्रतिवेदन दिनुपर्नेमा सो बमोजिमा प्रतिवेदन नगरी रु ५ लाख भन्दा बढी खर्च भएका योजनाको हकमा गाउँपालिका स्तरिय अनुगमन समितिले र सो भन्दा घटी खर्च भएका योजनाको हकमा वडास्तरिय अनुगमन समितिले मात्र एक निश्चित फारममा समितिका सदस्यले हस्ताक्षर गरेर पेश गर्ने गरेको छ । सबै योजनाहरूमा उल्लेखित सबै प्रकारको व्यहोरा आश्वस्त हुनेगरी गाउँपालिका स्तरिय अनुगमन समितिले सिफारिस गरे पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

५२.९ **तेश्रो पक्षबाट कार्य:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम १० अनुसार उपभोक्ता समितीसँग सम्झौता भइ तोकिएको कार्य उपभोक्ता समिति आफैले गर्नुपर्ने तेस्रो पक्षबाट गराउन नपाइने उल्लेख रहेको छ । उपभोक्ता समितिसँग सम्झौता गरि गराइएका कार्यहरू उपभोक्ता समिति आफैले नगरी तेस्रो पक्ष मार्फत गराउने गरेको पाइयो । आफैले नगरी तेस्रो पक्षबाट गराएबाट नियम बमोजिम उपभोक्ता समितिलाई कालो सुचीमा राख्नुपर्नेमा सो बमोजिम गरेको देखिन आएन ।यसको उदाहरण निम्न छ ।

| गो. भौ . नं / मिति | कामको विवरण | उपभोक्तालाई भुक्तानी | काम गरेको तेस्रो पक्ष |
|---|---|---|---|
| ६१/ २०८१ / ३ / १९ | धौवादीघाट देखि ८ नं वडा कार्यालय सम्म बाटो स्तरीन्नति गर्ने कार्य | ९६७७२६ | गण्डकी कन्स्ट्रक्सन एण्ड मल्टि प्रपोज प्रा. लि . |

५२.१० **हेभी इक्विपमेण्टको प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य

भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । कार्यालयले उपभोक्ता समिति मार्फत गरेका कार्यहरू मध्ये अधिकांश कार्य मोटर बाटो ढलान गर्ने, स्तरोन्नती गर्ने, रिटेनिगं वाल लगाउने, पिच गर्ने, खानेपानी टंकी निर्माण गर्ने, सिंचाइ योजना निर्माण,, भवनहरू निर्माण आदि कार्यसँग सम्बन्धित रहेका छन् । प्राय सबैजसो कार्यहरूमा डोजर, लोडर, एक्साभेटर आदि जस्ता हेभि मेशिनहरू प्रयोग गरी कार्य गराएको व्यहोरा खर्चका बिल भर्पाइबाट देखियो । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियमाबलीको ब्यबस्था अनुरूप कार्य गराउनुपर्दछ । केही उदाहरणः

| गो भौ नं | उपभोक्ता समितिको विवरण | भुक्तानी पाउनेको विवरण | हेभि इक्युपमेन्टको खर्च | मु अ कर | मु अ कर समेत |
|---|---|---|---|---|---|
| ४३ २०८०।१०।१८ | साधीखोला ठुटे पिपल हुदै पातिश्वारा सडक स्तरउन्नती | कृतिका निर्माण सेवा | ४५०१४९ | ५१७८७ | ५०१९३६ |
| | | जोनिक कन्स्ट्रक्सन प्रा लि | ४५०३०५ | ५१८०५ | ५०२११० |
| ४८ २०८०।१०।२१ | पातिश्वारा महादेव मन्दिर जाने सडक स्तरउन्नती | पार्वती कन्स्ट्रक्सन प्रा लि | २००२८१ | २३०४१ | २२३३२२ |
| २४४ २०८१।३।१२ | श्री कृष्ण चोक कार्की गाँउ चैनपुर सडक स्तरउन्नती | विहानी कन्स्ट्रक्सन एण्ड मल्टिप्रपोज प्रा लि | २८२५० | ३२५० | ३१५०० |
| १७ २०८० । ७ । २२ | भुम्लीचोक सडक मर्मत | | १९३१०० | २५१०३ | २१८२०३ |
| १८ २०८० । ७ । २२ | वडा नं ८ बाटो सरसफाई | | २६४४१२ | ३४३७४ | २९८७८५ |
| २१ २०८० । ८ । ११ | चुर्लिङ चैनपुर सडक निर्माण | | ५६१५०४ | ७२९९६ | ६३४५०० |
| २४ २०८० । ९ । ४ | वडाभरि मोटरबाटो सरसफाई उ स वडा नं ७ | | १७५९९९ | २२८८० | १९८८७९ |
| | | | | जम्मा | २६०९२३५ |

५२.११ **गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान र निर्माण कार्यको सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले उपभोक्ता समिति मार्फत गरेका सबै कार्यहरूमा र निर्माण व्यवसायी मार्फत गराइएका केहि निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

## ५३ रोयल्टी

गण्डकी प्रदेश आर्थिक ऐन, २०८० को व्यवस्था अनुसार ढुङ्गा गिट्टी बालुवाको उत्खनन् संकलन र विक्रिमा प्रति घन फिट रु.९। का दरले शुल्क, संघीय मुल्य अभिवृद्धि कर ऐन बमोजिम १३ प्रतिशत मु अ कर र आयकर कर ऐन अनुसार १.५ प्रतिशत समेतले हुने रकम असुल गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाका केहि उपभोक्ता समितिले स्थानीयसँग ढुङ्गा, गिट्टी तथा बालुवा खरिद गरि निर्माण कार्य गरेको देखिन्छ । उत्खनन् संकलन तथा बिक्रि वितरणको अनुमति नलिइ तथा पालिकालाई उक्त कानुन अनुसार बुझाउनु पर्ने शुल्क तथा कर समेत नबुझाइ खरिद भएको निम्नानुसारको परिमाणको ढुङ्गा, गिट्टी र बालुवाको कर बापतको रकम उपभोक्ता समिति मार्फत उसुल गर्नुपर्ने रु.

| गो भौ मिति | उपभोक्ता समितिको नाम | सामाग्री | परिमाण | इकाइ | पालिकामा तिरेको राजस्व | तिर्नुपर्ने राजस्व | फरक राजस्व |
|---|---|---|---|---|---|---|---|
| ३८ २०८०।१०। ११ | बटुकी स्कुल देखि फुलपातिडाडा चोक सिढी निर्माण | ढुङ्गा | ३७ | घ मि | ३७०० | १३५०३ | ९८०३ |
| ४३ २०८०।१०। १८ | साधीखोला ठुटेपिपल हुदै पातिश्वारा सडक स्तरउन्नती | ढुङ्गा गिट्टी बालुवा | ५१२ | घ मि | ५१२०० | १८६१४३ | १३४९४३ |
| २१८ २०८१।३। ११ | काप्रीगौडा खोल्सा पधेरो हटिया सिढि निर्माण | बालुवा | १० | घ मि | १००० | ३६३६ | २६३६ |
| | | गिट्टी | २७ | घ मि | २७०० | ९८१६ | ७११६ |
| २२० २०८१।३। ११ | वडा ३ भित्रका विभिन्न सिडि बाटो निर्माण योजना | ढुङ्गा | ८ | घ मि | ८०० | २९०८ | २१०८ |
| | | बालुवा | १४८ | घ मि | १४८०० | ५३८०७ | ३९००७ |
| २४४ २०८१।३। १२ | श्री कृष्ण चोक कार्की गाउँ चैनपुर सडक स्तरउन्नती | ढुङ्गा | ६५ | घ मि | ६५०० | २३६३१ | १७१३१ |
| | | बालुवा | १०६ | घ मि | १०६०० | ३८५३७ | २७९३७ |
| २४८ २०८१।३। १२ | पधेरी गैरा माथिल्लो कोरथोक सिडी नर्माण | गिट्टी | ४८ | घ मि | ४८०० | १७४५१ | १२६५१ |
| २५० २०८१।३। १२ | भैरवी पौवा रिमाल चौतारा निर्माण तथा व्यवस्थापन | गिट्टी | ७८ | घ मि | ७८०० | २८३५८ | २०५५८ |
| २७५ २०८१।३। १७ | ज्यामिरेघाट आपचौर मो वा स्तरउन्नती | ढुङ्गा | १०५ | घ मि | १०५०० | ३८१७४ | २७६७४ |
| | | बालुवा | ५५ | घ मि | ५५०० | १९९९६ | १४४९६ |
| २७३ २०८१।३। १७ | वडा नं १ भित्रका खापा निर्माण तथा मर्मत | ढुङ्गा | ३३ | घ मि | ३२६० | ११८५२ | ८५९२ |
| २९१ २०८१।३। १७ | वडा नं १ भित्रका सिढी बाटो निर्माण | ढुङ्गा | १५ | घ मि | १५०० | ५४५३ | ३९५३ |
| | | बालुवा | ८८ | घ मि | ८८१० | ३२०३० | २३२२० |
| २८३ २०८१।३। १७ | वडा भरिको सिढी निर्माण | बालुवा | ४५ | घ मि | ४५१२ | १६४०४ | ११८९२ |
| ११ २०८०।७। १६ | इजारा पधेरा देखि गैरीगाउँ सिडी निर्माण | वालुवा | १२ | घ मि | १२०० | ४३६३ | ३१६३ |
| | | ढुङ्गा | ३३ | घ मि | ३३०० | ११९९७ | ८६९७ |
| | | गिट्टी | १७ | घ मि | १७०० | ६१८१ | ४४८१ |
| १४ २०८०।७। १७ | चिसोपानी सिढी निर्माण | ढुङ्गा | २३ | घ मि | २२६० | ८२१६ | ५९५६ |
| १७ २०८०।७। २२ | भुम्लीचोक सडक मर्मत | ढुङ्गा गिट्टी बालुवा | १७ | घ मि | १६७० | ६०७१ | ४४०१ |
| २५ २०८०।९। ०४ | अग्रिडाँडा सिडि निर्माण | ढुङ्गा गिट्टी बालुवा | २५ | घ मि | २४५८ | ८९३६ | ६४७८ |
| जम्मा | | | | | | | ३९६८९४ |

| असुल गर्नुपर्ने | ३,९६,८९३ |
|---|---|

५४ **सरकारी सम्पत्तिको संरक्षण र मर्मत कार्य उपभोक्ता समिति मार्फत गरेको**

सार्वजनिक खरिद नियमावली, २०६४को नियम २(ट) मा उपभोक्ता समिति भन्नाले निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूले कुनै निर्माण कार्यको निर्माण, सञ्चालन, मर्मत सम्भार गर्नको लागि आफुहरू मध्येबाट गठन गरेको समिति सम्झनु पर्ने तथा नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने कार्यविधि अनुसार उपभोक्ता समितिबाट श्रममुलक निर्माण कार्य मात्र गराउन सक्ने देखिन्छ । पालिकाले निम्नानुसारको पालिका स्वयं आफ्नो सम्पत्तिको संरक्षण र सम्वर्द्धनको कार्य सार्वजनिक खरिद ऐनको दफा ८ उपदफा १ मा भएका प्रतिस्पर्धात्मक विधि मार्फत नगरी उक्त कानुन बिपरित उपभोक्ता समिति गठन गरी गराएकोले कानुनसम्मत भएको भन्न मिल्ने नदेखिएको रु.

| गो. भौ . नं / मिति | कामको विवरण | लागत अनुमान रु | भुक्तानी रु |
|---|---|---|---|
| १८२/ २०८१ / २ / २७ | गाउँपालिकाको स्वामित्वमा रहेको वडा नं ६ अवस्थित जग्गा संरक्षण गर्ने कार्य | १९४९१८९ | १५०३९१७ |

| अनियमित भएको | १५,०३,९१७ |
|---|---|

५५ **जटिल प्रकृतीको कार्य उपभोक्ता समितिबाट गराएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । उपनियम १० मा उपभोक्ता समितीसँग सम्झौता भइ तोकिएको कार्य उपभोक्ता समिति आफैले गर्नुपर्ने तेस्रो पक्षबाट गराउन नपाइने उल्लेख रहेको छ । तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने उल्लेख रहेको छ । उपभोक्ता समितिसँग सम्झौता गरि गराइएका कार्यहरू उपभोक्ता समिति आफैले नगरी तेस्रो पक्ष मार्फत गराउने गरेको व्यहोरा खर्चका बिलभर्पाइहरूबाट देखिन आयो । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम प्रतिस्पर्धा गराइ कार्य गराउन उपयुक्त हुने देखिन्छ ।यसका उदाहरण निम्न छन् ।

| गो. भौ . नं / मिति | कामको विवरण | उपभोक्ता समिति | भुक्तानी रु |
|---|---|---|---|
| १९७/ २०८१ / २ / २९ | २ RVT टंकी वइन्डेड विभिन्न ३ किसिमको ह्युम पाइप २४०० मिटर खरिद लगायतका कार्य सहितको खा . पा . को पोल निर्माण | कौदी खोला खा. पा . को पोल निर्माण उ . स . | ४७८१६९ |

५६ **न्युन विजकिकरण**

सार्वजनिक खरिद नियमावलीको नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत गराएको निम्नानुसार काममा सिमेन्ट, गिट्टी तथा ग्याविन तार जिल्ला दररेट को आधारमा दररेट विश्लेषण गरी सोही अनुसार भुक्तानी भएको छ । तर उपभोक्ता समितिबाट जिल्ला दररेट भन्दा कम दरमा सिमेन्ट, गिट्टी तथा ग्याविन खरिदको बिल पेश गरी निम्नानुसारको कार्यमा विलमा भएको रकम भन्दा बढी रकम भ्याट सहित बढी भुक्तानि भएको छ । जिल्ला दररेटको आधारमा रकम भुक्तानी हुँदा बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| क्र स | गो भौ मिति | उपभोक्ता समिति | सामान | परिमाण | इकाइ | खरिद मुल्य | भुक्तानी रकम | फरक रकम | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४३ २०८१। १०।१८ | साधीखोला ठुटेपिपल हुदै पातिश्वारा सडक स्तरउन्नती उ स | ग्याविन बक्स(१.५ १ १) | २०८ | ब मि | २८३ | ३६७.३ | ८५ | १७६२८ |
| | | | ग्याविन बक्स(२ १ १) | २४२ | ब मि | २८३ | ३६७.३ | ८५ | २०५१० |
| | | | सिमेन्ट | ११४७ | बोरा | ६२० | ८०२.३ | १८२ | २०९०९८ |
| २ | २२०।२०८१। ३।११ | वडा ३ भित्रका विभिन्न सिडि बाटो निर्माण योजना उ स | गिट्टी | ९० | घ मि | १६०० | २१००. | ५०० | ४५००० |
| | | | सिमेन्ट | ४१२ | बोरा | ६५० | ८०२.३ | १५२ | ६२७४८ |
| ३ | २१८ २०८१। ३।११ | काप्री गौडा खोल्सापधेरो हरिया सिढी निर्माण | सिमेन्ट | ९० | बोरा | ६५० | ८०२.३ | १५२ | १३७०७ |
| ४ | २४४ २०८१। ३।१२ | श्री कृष्ण चोक कार्की गाउ चैनपुर सडक स्तरउन्नती | सिमेन्ट | ५९० | बोरा | ६०० | ८०२.३ | २०२ | ११९३५७ |
| ५ | २४८ २०८१। ३।१२ | पधेरी गैरा माथिल्लो कोरथोक सिढी निर्माण | सिमेन्ट | १०० | बोरा | ६२२ | ८०२.३ | १८० | १८०३० |
| ६ | २७५ २०८१। ३।१७ | ज्यामिरे आपचौर मो वा स्तरउन्नती | सिमेन्ट | ६८० | बोरा | ५८० | ८०२.३ | २२२ | १५११६४ |
| ७ | २७१ २०८१। ३।१७ | वडा नं १ भित्र भवन निर्माण तथा मर्मत योजना | सिमेन्ट | १०० | बोरा | ६०० | ८०२.३ | २०२ | २०२३० |
| ८ | २९१ २०८१। ३।१७ | वडा नं १ भित्रका सिढीबाटो निर्माण | सिमेन्ट | २५५ | बोरा | ६२० | ८०२.३ | १८२ | ४६४८७ |
| ९ | २८३ २०८१। ३।१७ | वडा भरिको सिडि नर्माण | सिमेन्ट | १६० | बोरा | ६४४ | ८०२.३ | १५८ | २५३२८ |
| १० | ११ २०८०।७। १६ | इजार पधेरा देखि गैरीगाउँ सिडि मर्मत | सिमेन्ट | ६० | बोरा | ६०० | ८०२.३ | २०२ | १२१३८ |
| जम्मा | | | | | | | | | ७६१४२५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,६१,४२५ |

५७ **उपभोक्ता समितिले घटी शुल्क भुक्तानी**

गण्डकी प्रदेश आर्थिक ऐनमा ढुंगा ,गिट्टी र वालुवा उत्खनन् ,संकलन र विक्री गर्दा प्रतिघनमिटर रु ९/- र सो मा मूल्य अभिवृद्धि कर र १.५ प्रतिशत अग्रिम आयकर लाग्ने प्रावधान रहेको छ । देहायका उपभोक्ता समितिले निर्माण कार्य गर्दा प्रयोग गरेको ढुंगा ,गिट्टी र वालुवामा उक्त कानुन बमोजिम लाग्ने शुल्क र सो मा लाग्ने मूल्य अभिवृद्धि कर तथा अग्रिम आयकर भुक्तानी गरेर मात्र प्रयोगमा ल्याउनुको सट्टा देहाय बमोजिम घटी रकम भुक्तानी गरेर प्रयोग गरेको पाइयो ।यसप्रकार उपभोक्ता समितिले असुल गरी सम्बन्धित राजश्व खातामा दाखिला गर्नुपर्ने देखिएको रु.

| गो.भौ. नं / मिति | उपभोक्ता समिति | भुक्तानी रु | निर्माण सामग्री | परिमाण | लाग्ने शुल्क र कर रकम | तिरेको रकमर रु | नपुग रकम रु |
|---|---|---|---|---|---|---|---|
| १८०/२०८१/२/२७ | धौवादीघाट देखि ८ नं वडा कार्यालय सम्म बाटो स्तरीन्नति गर्ने कार्य | ९,६७,७२६ | ढुंगा गिट्टी | ३२ घन मि. | ११,४०६ | ३२०० | ८,२०६ |
| १८२/२०८१/२/२७ | वडा नं ६ पालिकाको जग्गा संरक्षण उपभोक्ता समिति | १५,०३,९१७ | ढुंगा | ८९.३२ | ३२,५१० | - | ३२,५१० |
| १८४/२०८१/२/२७ | समिडाँडा भिर बाटो निर्माण उ.स. | २,८५,०९९ | ढुंगा | २५ घन.मि. | ९,०९९ | २५०० | ६,५९९ |
| १९५/२०८१/२/२९ | अधिकारी टोल सिढी निर्माण उपभोक्ता समिति | ४,३७,५४२ | ढुंगा | ३७.७ घन.मि | १३,७०६ | - | १३,७०६ |
| १९३/२०८१/२/२९ | अधिकारी गाउँ सिढी निर्माण उपभोक्ता समिति | २,१२,८४० | माटो | १८ घन.मि | ६,५४४ | १,८०० | ४७४४ |
| १८७/२०८१/२/२९ | तोमन डाँडा मा.वि. सडक ढलान वडा नं ६ उपभोक्ता समिति | ७,६७,२२८ | ढुंगा वालुवा | २० घन.मि | ७,२७१ | २,००० | ५,२७१ |
| | जम्मा | | | | | | ७१०३६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७१,०३६ |

## ५८ उपभोक्ता /लाभग्राही समुह मार्फत वस्तु खरिद

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ७३ उपदफा (७) मा कार्यपालिकाले सभावाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा २ मा प्रतिस्पर्धा सिमित हुनेगरी टुक्रा गर्न नहुने र नियमावलीको नियम ८ मा खरिद योजना र खरिदको प्याकेज सम्वन्धी व्यवस्था रहेको छ।नियम २(ट) मा उपभोक्ता समिति भन्नाले निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूले कुनै निर्माण कार्यको निर्माण, सञ्चालन, मर्मत संभार गर्नको लागि आफुहरू मध्येबाट गठन गरेको समीति सम्झनु पर्ने तथा नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने कार्यविधि अनुसार उपभोक्ता समितिबाट श्रममुलक निर्माण कार्य मात्र गराउन सक्ने देखिन्छ । पालिकाले उक्त ऐन र नियमावली विपरित उपभोक्ता समिति वा लाभग्राही समुहको माध्यमबाट देहायका सामाग्री सोझै खरिद गरी रु=२,७८,४३२। भुक्तानी दिएको छ । ऐन र नियमावली अनुसार बस्तु तथा सामाग्रीको आवश्यकता विश्लेषण गरी खरिदको योजना र प्याकेज बनाएर बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराइ आपुर्ति गर्ने व्यवस्था मिलाउनु पर्नेमा सो बमोजिम नगरी सम्बन्धित लाभग्राही समुहबाट सोझै खरिद गरेबाट खरिद कार्यमा पार्दर्शिता र स्वच्छ प्रतिस्पर्धा हुन पाएन । यसबाट कार्यालयलाइ थप आर्थिक दायित्व परेन भन्ने अवस्था देखिन नआएकोले अनियमित भएको रु.

| गो. भौ . नं / मिति | उपभोक्ता समिति | भुक्तानी रु | खरिदको विवरण | खरिदको मूल्य रु |
|---|---|---|---|---|
| १७४/ २०८१ / २ / २४ | माझगाउ खानेपानी निर्माण उ. स . | २८२७७४ | पाइप खरिद | २७८४३२ |

| | |
|---|---|
| अनियमित भएको | २,७८,४३२ |

## ५९ उपभोक्ता समितिलाई बढी भुक्तानी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (४ ) उपभोक्ता समितिलाई निर्माण कार्यको काम दिदा लागतअनुमानमा रहेको मूल्यअभिवृद्धि कर ओभरहेड कन्टेन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरी भुक्तानी दिनुपर्ने प्रावधान छ।पालिकाले निम्नानुसारका उपभोक्ता समितिलाई देहायबमोजिम निर्माण सामग्री खरिदको रकम भुक्तानी गर्दा निज समितिले उक्त सामग्री खरिद गर्दा विल विजक बमोजिम भुक्तानी गरेको मूल्य भन्दा बढी मुल्य लागत अनुमान र सम्झौतामा समावेश गरी सोही बमोजिम भुक्तानी गरेको देखियो ।यसप्रकार उपभोक्ता समितिलाई गरेको विल विजकको भुक्तानीका केही उदाहरणलाई अध्ययन गर्दा देहाय बमोजिम वढी भुक्तानी हुन गएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

| गो. भौ . नं / मिति | उपभोक्ता समितिबाट | जम्मा भुक्तानी | निर्माण सामग्री | खरिद मूल्य दर | भुक्तानी मूल्य दर | खपत परिमाण | वढी भुक्तानी रु |
|---|---|---|---|---|---|---|---|
| १८०/ २०८१ / २ / २७ | धौवादीघाट देखि ८ नं वडा कार्यालय सम्म बाटो स्तरीन्नति गर्ने कार्य | ९, ६७ , ७२६ | सिमेन्ट | ६७०/- | ८०२/ ३० | २२० बोरा | २९१०६ |
| १८२/ २०८१ / २ / २७ | वडा नं ६ पालिकाको जग्गा संरक्षण उपभोक्ता समिति | १५, ०३ , ९१७ | सिमेन्ट | ७००/- | ८०२/ ३० | ८५८ बोरा | ८७७७३ |
| १९९/ २०८१ / २ / २९ | ऐना पहाड दल भञ्जयाङ्ग सडक स्तरीन्नति गर्ने कार्य | ६, ७१ , ७७४ | ग्याविन वक्स | ३२५/ ४४ | ३६७/ २५ | ७०५ व. मि . | २९४७६ |
| १९९/ २०८१ / २ / २९ | ऐना पहाड दल भञ्जयाङ्ग सडक स्तरीन्नति गर्ने कार्य | ६, ७१ , ७७४ | ढुंगा | १०७३/ ५० | १८००/- | १४३. ५५ घन मि . | १, ०४ , २०९ |
| १९५/ २०८१ / २ / २९ | अधिकारी टोल सिढी निर्माण उपभोक्ता समिति | ४, ३७ , ५४२ | सिमेन्ट | ६००/- | ८०२/ ३० | १२५ बोरा | २५२८७ |
| १८७/ २०८१ / २ / २९ | तोमन डाँडा मा. वि . सडक ढलान वडा नं ६ उपभोक्ता समिति | ७, ६७ , २२८ | सिमेन्ट | ६३७/ ७० | ८०२/ ३० | १७३ बोरा | २८४७५ |
| १८७/ २०८१ / २ / २९ | तोमन डाँडा मा. वि . सडक ढलान वडा नं ६ उपभोक्ता समिति | ७, ६७ , २२८ | सिमेन्ट Tmt bar | १०८ | ११४ | १४७३ | ९०३२ |
| | जम्मा | | | | | | ३१३३५८ |
| | | | | | | असुल गर्नुपर्ने | ३,१३,३५८ |

६० **प्रोत्साहन भत्ता**

प्रदेश खर्च मापदण्ड, २०७९ को दफा १५(१) सम्बन्धित निकायको कार्यक्षेत्र भित्र पर्ने नियमित प्रकृतिको काम गरे बापत तलब बाहेकको अन्य थप सुविधा एवं अतिरिक्त भत्ता लिन पाइने छैन ।गण्डकी गाउँपालिका कर्मचारीलाई कार्यसम्पादनको आधारमा प्रोत्साहन भत्ता उपलब्ध गराउने मापदण्ड २०७८(संशोधन सहित) परिच्छेद -२ प्रोत्साहन भत्ता उपलब्ध गराउने क्रममा प्रशासन शाखाले वडा प्राविधिक र गाउँपालिकाको प्राविधिकको हकमा अनुसूची-१ बमोजिम र वडा सचिवको हकमा अनुसूची-२ बमोजिम नतिजामूलक कार्यसम्पादनमा आधारित अङ्क प्रदान गर्ने त्यसपछि प्रशासन शाखाबाट प्राप्त अङ्कका आधारमा यस मापदण्ड बमोजिम आर्थिक प्रशासन शाखाले सम्बन्धित कर्मचारीहरूलाई प्रोत्साहन भत्ता बैङ्क खातामा जम्मा गराउनेछ भनिएको छ । माथि उल्लेखित अनुसूची १ र २ मा महिनामा कम्तिमा २० घन्टा कार्यालय समय बाहेक अतिरिक्त समयमा कामकाज गरेको हुनुपर्ने व्यवस्था रहेको छ । त्यस्तो व्यवस्था बमोजिमको अतिरिक्त समय काम गरेको विषयमा इ हाजिरिमा हेर्दा कसैको पनि त्यस्तो व्यहोरा पुष्टी गर्ने प्रमाण देखिएन। यसरी अतिरिक्त कार्य गरेको नदेखिँदा सूचाङ्क तयार गरी प्रोत्साहन भत्ता वितरण गरेको प्रमाण समेत नहुदा कानुनसम्मत भएको भन्न नसकिएको रकम नियमित गर्नुपर्ने रु.

| क्र सं | नाम थर | पद श्रेणी | बार्षिक प्रोत्साहन भत्ता |
|---|---|---|---|
| १ | राजु पौडेल | सहायक चौथो | ९९८३५ |
| २ | मनलक्ष्मी नेवाङ | सहायक पाचौ | ९४२२५ |
| ३ | जमुना शर्मा लम्साल | सहायक चौथो | ८६९१५ |
| ४ | कमल खनाल | सहायक पाचौ | १०६२७४ |
| ५ | टंक बहादुर राना मगर | सहायक चौथो | ९८५७७ |
| ६ | लक्ष्मी बुढाथोकी | सहायक पाचौ | ८४१३३ |
| ७ | मदन सौमै | सहायक चौथो | १००६७४ |
| ८ | सुमन रेग्मी | सहायक पाचौ | १०४०६० |
| ९ | ओम प्रकाश साह | स ई | १०६२७३ |
| १० | तोरण देवि गुरुङ | स ई | ६१९९२ |
| ११ | दिनेश चन्द्र यादव | अ स ई | १००६८० |
| १२ | दिलिप खाँड | ईन्जिनियर | १५९१६६ |
| १३ | नानु माया अधिकारी | अ स ई | ९९२९५ |
| १४ | बबिस मगर | स ई | १०६२९२ |
| १५ | मिलन नेपाली | ईन्जिनियर | १५५९६८ |
| १६ | राहुल कर्ण | अ स ई | १००६८३ |
| १७ | विनोद प्रजा | अ स ई | १०००५० |
| १८ | शेखर बाबु श्रेष्ठ | अ स ई | १००६८० |
| १९ | सुन्दर ओझा | अ स ई | ५८७३० |
| २० | दान सिं थापा मगर | अ स ई | २५१७० |
| २१ | उन्नती वि क | डाक्टर | २०१६०९ |
| २२ | राजु विश्वकर्मा | डाक्टर | ८२८५२ |
| २३ | दिलिप कुमार कुशवहा | डाक्टर | ८२८५२ |
| | | जम्मा | २३१६९८५ |

| | |
|---|---|
| अनियमित भएको | २३,१६,९८५ |

६१ **बैठक भत्ता**

प्रदेश खर्चको मापदण्ड २०७९ परिच्छेद २ को ३ मा बैठक भत्ताको मापदण्ड सम्बन्धि व्यवस्था रहेको छ । सो बुदाको (ग) मा एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान गरिने छैन भन्ने स्पष्ट व्यवस्था रहेको छ साथै सोहि मापदण्डको (क) मा बैठक सार्वजनिक बिदाका दिन वा कार्यालय खुलेको दिन कार्यालय समय अघि वा पछि बसेको हुनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । तर पालिकाको करार कर्मचारी पदपुर्ती र करार कर्मचारी का स मु बैठक सञ्चालन गर्दा कुनै पनि पदाधिकारिहरू कार्यालय भन्दा बाहिरको नभएता पनि एउटै कार्यालयका कर्मचारी र पदाधिकारी सामिल बैठकको भत्ता वितरण गरेको देखिन्छ ।यसरी

मापदण्डले व्यवस्था गरेअनुसार एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान गरेको रकमलाई नियमित भएको मान्न सकिदैन त्यसैले सो बैठक भत्ता बापतको रकम नियमित गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ९९,४५० |

६२ **नर्म्सभन्दा बढी भुक्तानी**

प्रदेश खर्चको मापदण्ड २०७९ मा तालिम केन्द्र बाहेकको तालिम सञ्चालन गर्दा अधिकृत स्तरको तालिम कार्यक्रममा कार्यपत्रको १००० र कक्षासञ्चालन बापत ८०० गरि रु १८०० पाउने व्यवस्था रहेको छ । यस पालिकाले सञ्चालन गरेको निम्नानुसार कार्यक्रममा कानूनमा भएको व्यवस्था भन्दा बढी पारिश्रमिक भुक्तानी गरेको देखिन्छ । सो बढी भुक्तानी रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| भौ.नं.।मिति | कार्यक्रमको नाम | प्रशिक्षकको नाम | सेसन | कार्यपत्र र कक्षा सञ्चालन बापतको भुक्तानी | | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| | | | | हुनुपर्ने | भएको | |
| ६३५ २०८०।१०।१९ | ५ दिने एकिकृत पाठ्यक्रम सम्बन्धि अभिमुखिकरण कार्यक्रम | प्रेम प्रसाद पोखरेल | ८ | १४४०० | २०००० | ५६०० |
| | | दामोदर कार्की | १६ | २८८०० | ४०००० | ११२०० |
| | | बालकृष्ण सापकोटा | १६ | २८८०० | ४०००० | ११२०० |
| १२ २०८०।५।२१ | ५ दिने इसिडि तथा ग्रेड टिचर तालिम | टंक बहादुर राना मगर | १५ | २७००० | ३७५०० | १०५०० |
| २०।२०८०।५।२६ | २ दिने दलित समुदायमा क्षमता विकास कार्यक्रम | विमल परियार | ८ | १२००० | २०००० | ८००० |
| | | जम्मा | ६३ | १११००० | १५७५०० | ४६५०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४६,५०० |

६३ **प्रमाण पेश**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम जिम्मेवार व्यक्तीले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यालयबाट यस आर्थिक वर्ष देहायबमोजिको भौचरबाट भुक्तानी भएकोमा खर्चको पुष्ट्याई हुने आवश्यक काजगात पेश नभएकाले खर्चको पुष्ट्याई हुने प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| भौचर नं। मिति | खर्चको विवरण | पेश गर्नुपर्ने विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १०१२ २०८१।३।२ | घरेलु मदिरा उत्पादन तथा बजारिकरण कार्यक्रम अन्तर्गत लेपन गरिएको तामाको भाडा र हिटगन बोटल खरिद गरिएको देखिएता पनि वितरण गरेको भर्पाइ नरहेको | खर्चको पुष्ट्याई हुने प्रमाण पेश गर्ने अन्यथा असुल गर्ने | १८०४६७ |
| २०३ २०८०।१२।१३ | पहिरो आगलागिबाट क्षतिभएका पाइप परिवर्तन गर्न एम एम हार्डवयर सेन्टर बाट खरिद गरिएको पाइप<br>वडा कार्यालयमा हस्तान्तरण गरिएको तर वितरणको भर्पाइ नरहेको | खर्चको पुष्ट्याई हुने प्रमाण पेश गर्ने अन्यथा असुल गर्ने | ४७३१५९ |
| | HDPE 20mm=4520m | | |
| | HDPE 25mm=4500m | | |
| | | जम्मा | ६५३६२६ |

| प्रमाण पेश नगरेको | ६,५३,६२६ |
|---|---|

६४ **सञ्चार खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम जिम्मेवार व्यक्तीले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले कुनै कानून कार्यविधि मापदण्ड वा निर्णय विना पालिकामा कार्यरत विभिन्न कर्मचारीहरू अधिकृत स्तर प्रति कर्मचारी मासिक १५०० र सहायक तथा अन्य स्तरका कर्मचारीहरूलाई मासिक ८०० का दरले वार्षिक रु ३२१६०० रकम भुक्तानी गरेको देखिन्छ । यसरी कुनै कानून तथा निर्णयमा व्यवस्था नहुदा समेत भुक्तानी गरेको सञ्चार बापतको रकम नियमित हुनुपर्ने रु.

| अनियमित भएको | ३,२१,६०० |
|---|---|

६५ **बढी भुक्तानी(इन्धन)**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम जिम्मेवार व्यक्तीले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाका विभिन्न वडा र ठाउँमा बाटो सफा गर्ने तथा रोड ट्रिमिङ कार्यमा प्राविधिक लागत अनुमान, मुल्याङ्कन प्रतिवेदन र नापी किताबमा दर विश्लेषण गर्दा बढी हुन आउने गरी दर निर्धारण गरि भुक्तानी दिएको देखिन्छ । यसरी पालिकालाई थप व्ययभार पारेको नियमसम्मत नदेखिएको रू.

| गो भौ मिति | भुक्तानी प्राप्त गर्ने | कुल भएको कामको विवरण (घ मि) | हुनुपर्ने दर | भएको दर | बढी दर | बढी रकम |
|---|---|---|---|---|---|---|
| १००८।२०८१।३।२३ | प्रकाश आयल डिस्ट्रिव्यूटर्स | ३८०४ | ४६ | ५७ | १० | ३८६४९ |
| ५१२।२०८०।८।११ | सदा ज्योती आयल डिस्ट्रिव्यूटर्स प्रा ली | १६३९ | ५३ | ६३ | १० | १६६८५ |
| ३८२।२०८०।७।१६ | सदा ज्योती आयल डिस्ट्रिव्यूटर्स प्रा ली | १३१४ | ५३ | ६३ | १० | १३३६३ |
| ८८१।२०८१।३।२ | प्रकाश आयल डिस्ट्रिव्यूटर्स | १६०६ | ४७ | ५७ | १० | १६१८८ |
| ८२३। २०८१।३।२ | सदा ज्योती आयल डिस्ट्रिव्यूटर्स प्रा ली | १२२४ | ४९ | ५९ | १० | १२४४८ |
| ७६३।२०८१।३।२ | प्रकाश आयल डिस्ट्रिव्यूटर्स | २३८४ | ४९ | ५९ | १० | २४१७४ |
| ६३३।२०८०।१०।९ | प्रकाश आयल डिस्ट्रिव्यूटर्स र सदा ज्योति | २१५४ | ४८ | ५८ | १० | २१८८५ |
| | | १०९२ | ५० | ६० | १० | १११०६ |
| | | | | | जम्मा | १५४४९८ |

| अनियमित भएको | १,५४,४९८ |
|---|---|

६६ **दैनिक भ्रमण भत्तामा बढी दिनको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम जिम्मेवार व्यक्तीले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ ।विभिन्न मितिमा स्वीकृत भएका भ्रमण आदेशमा भएको भ्रमण दिन भन्दा बढी दिनको भ्रमण भत्ता भुक्तानी गरेको देखिन्छ ।यसरी स्वीकृत भ्रमण दिन भन्दा बढी अवधिको भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| गो भौ मिति | भ्रमण गर्ने कर्मचारीको नाम | भ्रमण मिति | हुनुपर्ने भुक्तानी | भएको भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| ६३२ २०८०।१०।१८ | गजेन्द्र त्रिपाटि | २०८०।९।४-९ | ५९०० | ७५०० | १६०० |
| | मुकुन्द न्यौपाने | २०८०।५।२४-२६ | ३६०० | ५२०० | |
| | मुकुन्द न्यौपाने | २०८०।५।३-८ | ८४०० | १०००० | ३२०० |
| ५०९ २०८०।७।२३ | मुकुन्द न्यौपाने | २०८०।७।१५-१७ | ३६०० | ५२०० | |
| ८०१ २०८१।१।२७ | मुकुन्द न्यौपाने | २०८०।१२।२८-३० | ३६०० | ५२०० | ३२०० |
| जम्मा | | | | | ८००० |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,००० |

६७ **शिक्षक पारिश्रमिक कर**

आय कर ऐन २०५८ को दफा ८७ मा रोजगारीको आयमा अनुसुची १ बमोजिम कर कट्टी गर्नु पर्ने उलेख छ तर पालिकाले कर योग्य आय भएको देहाय अनुसारको शिक्षकहरूको कर कट्टा गर्ने छुट भएको देखिएको पारिश्रमिक कर कट्टी भएको प्रमाण पेस गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

| सि.नं. | शिक्षकको नाम | विद्यालयको नाम | करयोग्य आय | कर रकम |
|---|---|---|---|---|
| १ | दिल बहादुर गुरुङ | ज्ञान मार्ग मा.वि. | ६३४९२७.०० | ३४९२.७० |
| २ | प्रतिज्ञा घिमिरे | ज्ञान मार्ग मा.वि. | ६४२१७६.६० | ४२१७.६६ |
| ३ | टंकप्रसाद नेपाल | ज्ञान मार्ग मा.वि. | ६४२१७६.६० | ४२१७.६६ |
| ४ | केशरी बस्नेत | ज्ञान मार्ग मा.वि. | ६४२१७६.६० | ४२१७.६६ |
| ५ | टंक प्रसाद देवकोटा | ज्ञान मार्ग मा.वि. | ६४८१७६.६० | ४८१७.६६ |
| ६ | प्रकाश बाबु श्रेष्ठ | भैरवाश्रम मा.वि. | ६४२१७६.६० | ४२१७.६६ |
| | | जम्मा | ३८५१८१०.०० | २५१८१.०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २५,१८१ |

## ६८ विद्युत महशुलमा जरिवाना

गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७९को दफा १६ (२) बमोजिम पानी, बिजुली, टेलिफोनको महसुल मिटर रिडिङ्ग पछि तोकिएको समयमा नै भुक्तानी गर्दा रिवेट (छूट) पाउने हकमा यस्तो भुक्तानी समयमा नै गरी जरिवाना नतिर्ने र नियमनुसारको छुट सुविधा लिने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार भौचरबाट कार्यालय विद्युत महशशुल बुझाउदा समयमा नै महशुल नबुझाएकोले जरिवाना सहित रु .११,९६८।९१ थप रकम भुक्तानी गरेकोले पालिकालाई बढी व्ययभार परेकोले समयमा नै महशुल बुझाउनेतर्फ ध्यान दिनुपर्दछ ।

| भौ.नं.।मिति | संस्थाको | जरिवाना |
|---|---|---|
| २३७।२०८०।८।१३ | फुजेल स्वास्थ्य चौकी | ३९ |
| २५५।२०८०।८।२६ | मकैसिङ्ग स्वास्थ्य चौकी | ९६६२ |
| | घ्यालचोक आयुर्वेद | १२१८ |
| ४२१।२०८०।१२।२७ | बालकी सामुयदायिक | ३९८ |
| | पूर्ण बहादुर सुनार | ३९८ |
| | मकै सिंह स्वास्थ्य केन्द्र | २५५ |
| | जम्मा | ११९६९ |

## ६९ मेड्पा कार्यक्रम

गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुंदा नं. ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरूको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरू परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीहरूलाई बिक्री गर्ने तथा यसरी बिक्री हुन नसकेमा सम्भव भएसम्म बिक्री वितरण वा प्रचार प्रसारको लागि कोसेली घर, सौगात गृह, बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने र पठाउँदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ । यसरी बिक्री पश्चात प्राप्त रकम कार्यालयले तोकेको राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष गलैचा स्तरोन्नति, हाउस वाइरिङ, बेकरी तथा खाजा घर तालिम सञ्चालन गरी रु.११,२९,००१।- भुक्तानी गरेकोमा के कति सामान वा

वस्तुहरू उत्पादन भए र सो बिक्री भए वा भएन यकिन गर्न सकिएन । सो यकिन गरी ती वस्तु तथा सामानहरू बिक्री गरी राजस्व खातामा दाखिला गर्नुपर्ने देखिन्छ ।

७० **नन्फाइलर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.६०,०५५।- समेत रु.५,२६,०१५।- भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरू कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन पत्र पेस हुनुपर्ने रु.

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मुअकर कर रकम | नन्फाइलर रहेको मिति |
|---|---|---|---|---|---|
| ३५४।२०८०।१०।२२ | इन्टरनेशनल होटल ट्रेनिङ्ग स्कुल प्रा. लि . | ६०४२३२१४६ | ४९५५०५ | ५७००५ | २०८०।T।३ |
| ४२५।२०८१।१।१२ | नेटफ्लिक्स कम्युनिकेसन प्रा. लि . | ६१५७१८८९५ | ३०५१० | ३०५० | २०८०।T।१ |
| | | जम्मा | ५२६०१५ | ६००५५ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८७,५१५ |

७१ **प्रधानमन्त्री स्वरोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रूपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८ वडामा सिढी बनाउने, गोरेटो बाटो निर्माण, सडक निर्माण, नाली सरसफाई तथा निर्माण लगायतका योजना सञ्चालन गरी यस वर्ष १२७ जनालाई औसत ६९ दिनले ८७९२ दिन रोजगारी उपलब्ध गराई रु.५९,७४,८३६।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

७२ **औषधि खरिद**

७२.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। पालिकाले यो वर्ष एक बिक्रेताबाट इ बोलपत्रको विधिबाट र ४ बिक्रेताबाट खुला दरभाउपत्रको माध्यमबाट जनस्वास्थ्य सम्वन्धी औषधी खरिदमा जम्मा रु. ३१३६९३३। भुक्तानी गरेको विवरण प्राप्त भएको छ। त्यसैगरी ३ बिक्रेताबाट खुला दरभाउपत्रको माध्यमबाट भेटेनरी सम्वन्धी औषधी खरिदमा जम्मा रु.११,८८,२१८। भुक्तानी गरेको विवरण प्राप्त भएको छ। यस सम्बन्धी देखिएको व्यहोराहरू निम्नानुसार छन्:

- आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सटिफाइड हुनुपर्ने, औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन भन्ने व्यहोरा खुलाएको प्रमाण समावेश नभएको,
- आपूर्ति भएका औषधी एंवम सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन,
- औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रूपमा आम्दानी बाँध्ने नगरेको,

- औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको,

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसार कै औषधी प्राप्त भए नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरूको जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

७२.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (२) मा प्रतिस्पर्धा सिमित हुने गरी खरिद टुक्राउन नहुने व्यवस्था छ । सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा रु.२५ लाखसम्मको खरिद कार्य उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सुचना प्रकाशन गरी तोकेको बिक्रीमुल्यमा सोझै खरिद गर्न सकिने प्रावधान रहेको छ र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष जनस्वास्थ्य तर्फ औषधी तथा सर्जिकल सामान खरिद गर्दा सार्वजनिक खरिद नियमावलीको नियम ८ अनुसार खरिदको योजना तथा प्याकेज बनाइ बोलपत्रको माध्यमबाट एकमुष्ट रूपमा प्रतिस्पर्धा गराएर खरिद गर्नुको साटो देहाय बमोजिम एक बिक्रेताबाट इ बोलपत्रको विधिबाट लागत अनुमान भन्दा ५८.४१% घटीदरमा रु. ८,८०,२६२। र ४ बिक्रेताबाट खुला ३ दरभाउपत्रको माध्यमबाट लागत अनुमान भन्दा ०.०% घटीदरमा रु. २२,५६,६७१।रकमको जनस्वास्थ्य सम्वन्धी औषधी खरिद गरी रु. ३१,३६,९३३। भुक्तानी गरेको छ। त्यसैगरी ३ बिक्रेताबाट खुला दरभाउपत्रको माध्यमबाट लागत अनुमान भन्दा ०.०% घटीदरमा रु. ११,८८,२१८। रकमको भेटेनरी सम्वन्धी औषधी खरिद गरेको छ। पालिकाले इबोलपत्रको माध्यमबाट गरेको औषधी खरिदमा ५८.४१% को घटी दरमा प्रस्ताव स्वीकृत भइ खरिद गरेको अवस्था देखिएकोमा सोझै दरभाउपत्रबाट गरेको खरिदमा शुन्य प्रतिशत घटी दरको प्रतिस्पर्धा भएबाट जनस्वास्थ्य तर्फ औषधी खरिदमा करिव रु.१३,१८,१२१।रकम र भेटेनरी तर्फको औषधी खरिदमा रु. ६९४०३८। समेत जम्मा रु. २०,१२,१५९। कार्यालयलाइ थप व्ययभार पारेको देखियो ।

| सि नं | खरिदको विवरण | खरिद विधि | आपूर्तीकर्ता फर्मको नाम | लागत अनुमान रकम | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १ | औषधि खरिद | इ बिडिङ्ग | Rajshree Medihealth Pvt.Ltd .Balkot -२ Bhaktapur | २०३६९९९ | ९४९९९४ | ८६५६९३ |
| २ | औषधि खरिद | कोटेसन | सोलुसन आयुर्वेद फर्मा | ८८७५८४ | ८८७५८४ | ८७४२७० |
| ३ | औषधि खरिद | कोटेसन | मेडीजोन मेडिसिन कन्सर्न | ८४५२८० | ८४५२८० | ८४५२७९ |
| ४ | ल्याब तथा एक्सरे सामाग्री | कोटेसन | Uniglobe Healthcare Pvt .Ltd. | २२०५३८ | २२०५३८ | २२०५३८ |
| ५ | औषधी र ल्याब तथा एक्सरे सामाग्री खरिद | कोटेसन | मेडिभ्याट | ३९०९३२ | ३९०९३२ | ३३११५३ |
| | | | **जम्मा** | **४३८१३३३** | **३२९४३२८** | **३१३६९३३** |
| | **भेटेनरी तर्फ** | | | | | |
| १ | औषधी खरिद | कोटेसन | लालिगुराँस भट फर्मा | ९५१८८८ | ८८२४०६ | ८८२४०६ |
| २ | कृतिम गर्भाधान सम्बन्धि आवश्यक सामाग्री खरिद | कोटेसन | सनलाईफ ट्रेडिङ कन्सर्न | ११७१२० | १०९५०२ | १०९५०२ |
| ३ | भ्याक्सिन खरिद | कोटेसन | अल्पाईन भेट कन्सर्न | २०६५५० | १९६३१० | १९६३१० |
| | | | **जम्मा** | **१२७५५५८** | **११८८२१८** | **११८८२१८** |

७२.३

**औषधीको सदुपयोगः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ५५ मा सरकारी सम्पत्तिको संरक्षण तथा तोकिएको प्रयोजनमा प्रयोग गर्नुपर्ने सम्वन्धमा उल्लेख रहेको छ । नियमावली,२०७७ को नियम ९४ मा सरकारी सम्पत्तिको जिम्मा र संरक्षण सम्वन्धमा प्रावधानहरू रहेका छन् । कार्यालयमा गतवर्ष खर्च नभइ योवर्ष मौज्दात सरि आएका, योवर्ष आफैले खरिद गरेका र संघीय तथा प्रदेश सरकारका सम्बन्धित बिभिन्न निकायबाट बिभिन्न समयमा हस्तान्तरण भइ आएका समेतका औषधी, सर्जिकल समान तथा उपकरणहरूको पालिका केन्द्रमा र मातहतका स्वस्थ्य संस्थामा रहेका औषधी तथा सर्जिकल सामानहरू र उपकरणको कायम मान्य अवधि समेत देखिनेगरी कार्यालयले अभिलेख अद्यावधिक गरेको देखिन आएन । कार्यालयमा यस सम्वन्धी विवरण माग गरेकोमा अभिलेख अद्यावधिक नरहेको जनाइ प्राप्त हुन सकेन । यसप्रकार प्राप्त औषधीहरू नोक्सानी हुनुमा तालुक सरकारका निकायहरूले घटी म्याद भएका औषधीहरू ढिलागरी पठाएबाट सो बमोजिमको अवस्था श्रृजना हुन गएको व्यहोरा लेखापरीक्षणको क्रममा जनाइएको छ । यसरी सर्वसाधरण जनताको सुबिधालाइ लक्षित गरी सरकारी रकमबाट खरिद गरीएका औषधीहरूको अभिलेख अद्यावधिक गराइ कसको लापरवाहीबाट नोक्सानी हुने गरेको हो यथार्थता यकिन गरी निजहरूबाट असुल हुनु पर्दछ ।

## ७३ निःशुल्क उपचार सहायता

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार बापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधि उपचार कार्यक्रम सञ्चालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार बापत सहायता दिने प्रक्रिया बारेमा बिस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागि बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार बापतको आर्थिक सहायता वितरण बापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकाबाट मृगौला प्रत्यारोपण, डाइलासिस, क्यान्सर, मेरुदण्ड पक्षघाट लगायतका ८४ जनाको लागि संघीय सशर्ततर्फ रू.२४,६२,५००।–खर्च भएको देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी सहायता प्राप्त गर्ने व्यक्तिको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नुपर्दछ ।

## ७४ सञ्चार खर्च

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **५,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **९,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **९,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

७५ **शिक्षक दरबन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिका अन्तर्गत ४३ वटा विद्यालयमा २५३ जना शिक्षक दरबन्दी भएकोमा २५३ जना पदपूर्ति र पदपूर्तिमध्ये ५३ जना करार/अस्थायी//राहत शिक्षक रहेको देखिन्छ ।

| क्र.सं | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| | | | स्थायी | अस्थायी/करार/राहत | |
| १ | ४३ विद्यालय | २५३ | २०० | ५३ | ३७८७ |

उपरोक्त शिक्षक दरबन्दी र पदपूर्ति एवम् विधार्थी सङ्ख्या विश्लेषण गर्दा प्रति शिक्षक औषतमा १५ जना विद्यार्थी पढाउनुपर्ने अवस्था देखिएको, विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दी बढी भएको देखिँदा गाँउपालिकाले शिक्षक दरबन्दी मिलानको कार्य यथाशिघ्र अगाडि बढाउनु पर्ने देखिन्छ ।

७६ **न्युन विद्यार्थी संख्या भएका विद्यालय**

संघीय शिक्षा नियमावली, २०५९ को नियम ७७ उपनियम १ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या पहाडमा सामान्यतया ४५ हुनुपर्ने उल्लेख छ । सोही नियमावलीको नियम १२ क मा विद्यालय गाभ्न लिइने आधारहरू उल्लेख गरेको छ।यस पालिका मातहतमा सामुदायिक विद्यालयको संख्या ३७ र बालबिकास केन्द्र ६ रहेको र यस आ व मा उक्त विद्यालयहरूलाइ यस पालिकाबाट जम्मा रु २०२२९९८०३। निकासा दिइएको विवरण प्राप्त भएको छ। उक्त विवरण अनुसार १५ विद्यालय र ६ बालबिकास केन्द्र समेत २१ विद्यालयहरूमा उपरोक्त कानूनले तोकेभन्दा न्यून संख्यामा विद्यार्थी संख्या रहेको व्यहोरा देखिन आयो। जस मध्ये एक विद्यालयमा विद्यार्थी संख्या ५ र शिक्षक संख्या शुन्य रहेकोमा समेत रु ७७९२०३। निकासा दिइ खर्च लेखिएको छ । तसर्थ न्यून विद्यार्थी संख्या रहेका विद्यालयहरूलाइ उपरोक्त कानून बमोजिम एक आपसमा गाभी विद्यालय व्यवस्थापनलाई चुस्त, प्रभावकारी र

मितव्ययी तुल्याउने तर्फ पालिकाले ध्यान दिएको नदेखिदा सम्बन्धित निकाय तथा पदाधिकारीको ध्यान गइ कानून बमोजिम गर्नुपर्ने देखिन्छ। प्राप्त विवरण अनुसार यस पालिका अन्तर्गत विद्यालय संख्या, विद्यार्थी संख्या र विद्यालयमा बार्षिक निकासा रकमको विवरण यस प्रकार छ।

| क्र.सं. | विद्यालयको नाम | कक्षा …...सम्म | जम्मा विद्यार्थी | जम्मा शिक्षक संख्या | जम्मा शिक्षक मध्ये करारका संख्या | निकासा |
|---|---|---|---|---|---|---|
| १ | अकला आ.वि. | इसिडी | ४ | १ | १ | ५०३८५९ |
| २ | अन्नपुर्ण आ. वि. | इसिडी | ७ | १ | १ | ३६९००० |
| ३ | बालकी मा. वि. | कक्षा १० | १९६ | १४ | ४ | ६९४३६७८ |
| ४ | बटुकी आ. वि. | कक्षा ८ | १२४ | १२ | ५ | ५८५३७७३ |
| ५ | भद्रकाली मा. वि. | कक्षा १२ | २१४ | १७ | १० | ९५३०१५३ |
| ६ | भैरवाश्रम मा. वि. | कक्षा १२ | २३० | १९ | ५ | १३५०९२७९ |
| ७ | भलायडाँडा प्रा. वि. | कक्षा ५ | ५४ | ५ | १ | २७६९९०६ |
| ८ | भवानी आ. वि. | कक्षा ८ | ७७ | ९ | ३ | ४१९६३५३ |
| ९ | भिमोदय प्रा. वि. | कक्षा ५ | ८ | १ | १ | ११२५३७८ |
| १० | विजय भवानी मा. वि. | कक्षा १२ | २२१ | १६ | ६ | १११४८१९८ |
| ११ | जनचेतना आ. वि. | इसिडी | ४ | १ | १ | ४८५८६९ |
| १२ | चण्डी आ. वि. | कक्षा ६ | २० | ५ | १ | २३९५८९९ |
| १३ | चित्रादेवी आ.वि. | कक्षा ८ | १०७ | १० | ३ | ५२५२१९६ |
| १४ | दलभञ्ज्याङ प्रा. वि. | कक्षा ५ | २६ | ३ | २ | १८३१४५२ |
| १५ | दिर्घेश्वर मा. वि. | कक्षा १० | १९१ | १६ | ७ | १००९८२६४ |
| १६ | ज्ञानज्योति प्रा. वि. | इसिडी | ५ | ० | ० | ७७९२०३ |
| १७ | ज्ञानमार्ग मा. वि. | कक्षा १२ | ३९७ | २९ | १४ | २३९६७१८५ |
| १८ | जलकन्या देवी प्रा.वि. | कक्षा १ | १६ | २ | १ | १०९१०९९ |
| १९ | जनजागृती, बुट्टार | कक्षा ५ | ५७ | ५ | २ | २८८३०८१ |
| २० | जनजागृती, गोर्दी | कक्षा ५ | ७८ | ६ | २ | २९१५३५९ |
| २१ | जनकल्याण प्रा. वि. | इसिडी | १३ | १ | १ | १०५९१७९ |
| २२ | जीवनज्योति प्रा. वि. | कक्षा ३ | २७ | ३ | १ | १९१५१९२ |
| २३ | कालिका प्रा. वि. फुजेल | कक्षा ५ | ४४ | ६ | ३ | ३०२१५१८ |
| २४ | कालिका प्रा. वि. दर्बुङ | कक्षा ५ | ४८ | ५ | ३ | २६८८१७६ |
| २५ | महादेव प्रा.वि. | कक्षा ५ | २१ | ३ | १ | १६२३७५१ |
| २६ | नेत्रजयोति प्रा. वि. | कक्षा ५ | ४६ | ५ | ३ | २६६५६६६ |
| २७ | पशुपती प्रजा प्रा. वि. | कक्षा ३ | ३१ | ३ | ३ | १५५१३३५ |
| २८ | पातालदेवी आ. वि. | कक्षा ८ | १२० | ११ | ३ | ५७४७४१५ |
| २९ | प्रजाज्योती प्रा.वि. | कक्षा ३ | ५५ | ४ | १ | २५६७८१२ |
| ३० | प्रजावस्ती प्रा. वि. | कक्षा ८ | १२३ | १२ | ७ | ५१२७५७८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३१ | रत्नेश्वर मा. वि. | कक्षा 12 | १७० | १६ | ४ | १०८१९७३६ |
| ३२ | शक्ति प्रा. वि. | कक्षा ३ | २६ | ४ | २ | २२७७७८८ |
| ३३ | शिलाभैरब प्रा. वि. | कक्षा ५ | ३१ | २ | ० | १७०५२२८ |
| ३४ | शिव आ. वि. | कक्षा ८ | ७३ | ९ | ४ | ५००२२२० |
| ३५ | सिद्व प्रा. वि. | इसिडी | ५ | १ | १ | ५२०९१४ |
| ३६ | स्थानेश्वरी प्रा. वि. | कक्षा ५ | १३ | २ | २ | १२१९५७० |
| ३७ | सुर्योदय मा. वि. | कक्षा १० | १५४ | १७ | ८ | ८५७३८०१ |
| ३८ | थुम्का प्रा. वि. | कक्षा ५ | ६१ | ५ | २ | ३०२२८४० |
| ३९ | तोमनडाँडा मा. वि. | कक्षा १० | २६९ | १६ | ८ | ९१४७२४९ |
| ४० | त्रिकला आ.वि. | कक्षा ५ | २८ | ४ | १ | २४७३०४५ |
| ४१ | ताङ्लीचोक मा. वि. | कक्षा १० | १५२ | १९ | ९ | १०२९७९४२ |
| ४२ | भगवती मा. वि. | कक्षा १२ | २१७ | १६ | ६ | १०२३७७९० |
| ४३ | चिसापानी प्रा. वि. | कक्षा ३ | २४ | १ | १ | १३८४८७३ |
| | जम्मा | | | | | २०२२९९८०३ |

७७ **निःशुल्क शिक्षा**

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्बन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

७८ **दिवा खाजा**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले सामुदायिक विद्यालयको प्रारम्भिक बालबिकास कक्षा देखि कक्षा ६ सम्ममा अध्यनरत विद्यार्थीहरूको लागि विद्यालयमा उपस्थिति हाजिरीको आधारमा प्रति विद्यार्थी रु.१५।- को दरले १८० दिनको लागि त्रैमासिक रूपमा दिवा खाजाको रकम निकासा दिने व्यवस्था छ । पालिकाले विद्यार्थीहरूको उपस्थिति हाजिरी विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपश्चात मात्र त्रैमासिक रूपमा निकासा गर्नुपर्नेमा विद्यालयले उपलब्ध गराएको हाजिरी विवरणको आधारमा ४३ वटा सामुदायिक विद्यालयको खातामा रु.५८,६१,०४३।- निकासा गरेको छ । विद्यालयलाई दिएको निकासाबाट तोकिएको कार्यमा रकम खर्च भए नभएको तथा दिवा खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका सम्बन्धमा पालिकाबाट अनुगमन भएको पाइएन । पालिकाले अनुगमन निरीक्षण गरी कार्यक्रम कार्यान्वयनको प्रगति तथा तोकिएबमोजिमको मार्गदशन अनुसार खाजाको मापदण्ड, गुणस्तर लगायतका समग्र कार्यको बिल भरपाई संलग्न गरी प्रतिवेदन तयार गर्नुपर्दछ।

७९ **बढी निकासा**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.११ मा पालिकाभित्र सञ्चालित परम्परागत शिक्षा दिने गुरुकुल/आश्रम/गुम्बा/विहार/मदरसा जस्ता कक्षा १-५ सञ्चालित विद्यालयलाई एकमुष्ट रु.२ लाख ४१ हजार अनुदान दिने, त्यस्तै कक्षा १-८ सञ्चालित अनौपचारिक प्रौढ विद्यालयलाई एकमुष्ट रु.५ लाख र सामुदायिक सिकाइ केन्द्र सञ्चालन अनुदानबापत एकमुष्ट रु.२ लाख ५० हजार अनुदान दिने व्यवस्था रहेको छ । यो वर्ष कक्षा ५ सम्म सञ्चालित लोकरत्न सामुदायिक सिकाई केन्द्रलाई रू.३,५०,०००।- अनुदान निकासा गरेको छ । कार्यक्रम कार्यान्वयन पुस्तिकाअनुसार कक्षा ५ सम्म सञ्चालित विद्यालयलाई अनौपचारिक प्रौढ शिक्षा बापत रू.२,५०,०००।– निकासा दिनुपर्नेमा पुस्तिकाले तोकेभन्दा निम्नानुसार रू.१,००,०००।– बढी निकासा दिएकोले सम्बन्धित विद्यालयबाट असुल गरी संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु.

| भौ.नं.।मिति | विद्यालयको नाम | बापत | निकासा हुनुपर्ने | निकासा भएको | बढी निकासा |
|---|---|---|---|---|---|
| १३, ४१४ , ४९० | लोकरत्न सामुदायिक सिकाई केन्द्र | सिकाई केन्द्र अनुदान | २५०००० | ३५०००० | १००००० |
| | | | | असुल गर्नुपर्ने | १,००,००० |

## ८० पारिश्रमिक कर

आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम पारिश्रमिक भुक्तानीमा १५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौचर नम्बर ४४८ मिति २०८१।२।१४ बाट शैक्षिक, व्यवस्थापकीय सुधार, सुशासन मा उत्कृष्ट कार्यमा उच्चतम अङ्क प्राप्त गरेको भनी सूर्योदय मा.वि. लाई रू.३,००,०००।– प्रोत्साहन अनुदान दिएकोमा विद्यालयबाट पेस भएका कागजातहरू परीक्षण गर्दा निम्नानुसार कर्मचारीहरूलाई कक्षा १० मा अध्यननरत विद्यार्थीहरूलाई बिहान बेलुका कार्तिकदेखि चैत्रसम्म अतिरिक्त कक्षा सञ्चालन गरी अध्यापन गराएबापत प्रोत्साहत भत्ता रू.२,९८,२००।– भुक्तानी गर्दा १५ प्रतिशत कर रू.४४,७३०।– कट्टा गर्नुपर्नेमा कट्टा नगरेकोले असुल गर्नुपर्ने रू.

| सि.नं. | नाम | प्रोत्साहन रकम | १५ % कर कट्टी | खुद भुक्तानी हुनुपर्ने |
|---|---|---|---|---|
| १ | नेत्रलाल श्रेष्ठ | ४२६०० | ६३९० | ३६२१० |
| २ | लक्ष्मण रोका नेपाली | ४२६०० | ६३९० | ३६२१० |
| ३ | रामकाजी श्रेष्ठ | ४२६०० | ६३९० | ३६२१० |
| ४ | याम नारायण श्रेष्ठ | ४२६०० | ६३९० | ३६२१० |
| ५ | मिलन श्रेष्ठ | ४२६०० | ६३९० | ३६२१० |
| ६ | कुशल पोखरेल | ४२६०० | ६३९० | ३६२१० |
| ७ | सिर्जना रिजाल | ४२६०० | ६३९० | ३६२१० |
| | जम्मा | २९८२०० | ४४७३० | २५३४७० |

| प्रमाण पेश नगरेको | ४४,७३० |
|---|---|

## ८१ छात्रवृत्ति वितरण

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. ७.२.१.१ को उप क्रियाकलाप ४.२ बमोजिम विद्यालयहरूलाई IEMIS को तथ्याङ्कको आधारमा विद्यार्थीहरूको संख्या एकिन गरी स्थानीय तहले आवासीय तथा गैर आवासीय छात्रवृत्ति निकासा गर्ने र निकासा प्राप्त गरेपछि विद्यालयहरूले छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी संख्या, छात्रवृत्ति बुझेको भर्पाई र छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूको नामनमेसी सहितको विवरण पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं.५६३।२०८१।३।२० बाट ४३ वटा विद्यालयहरूका छात्रा तथा दलित छात्र छात्रा, सीमान्तकृत विद्यार्थीहरूलाई प्रति विद्यार्थी रु.४००।- का दरले रु.८,८०,७००।- विद्यार्थी संख्याको आधारमा रकम निकासा गरी विद्यालयहरूले छात्रवृत्ति वितरण गरेको भर्पाई पेश गरेकोमा निकासा गरेको भन्दा रु.६६,४००।- कम भर्पाई पेश गरेकोले असुल गर्नुपर्ने रु.

| सि.नं. | विद्यालयको नाम | निकासा रकम | भरपाई बमोजिम | बढी रकम |
|---|---|---|---|---|
| १ | बटुकी आ.वि. | २९६०० | २२००० | ७६०० |
| २ | भद्रकाली मा.वि. | ३१६०० | २९७०० | १९०० |
| ३ | भैरवाश्रम मा.वि. | १६००० | १५२०० | ८०० |
| ४ | भलायडाडा प्रा.वि. | २७००० | २४००० | ३००० |
| ५ | भवानी आ.वि. | १२८०० | १२४०० | ४०० |
| ६ | विजय भवानी मा.वि. | ४७३०० | ४३३०० | ४००० |
| ७ | दलभञ्ज्याङ प्रा.वि. | ९२०० | ६००० | ३२०० |
| ८ | ज्ञानमार्ग मा.वि. | ५७४०० | ४८००० | ९४०० |
| ९ | जनकन्या देवी प्रा.वि. | ४८०० | २४०० | २४०० |
| १० | जनजागृति, वुट्टार | १९९०० | १७१०० | २८०० |
| ११ | जीवनज्योति | ९८०० | ६३०० | ३५०० |
| १२ | महादैव प्रा.वि. | ६८०० | ५२०० | १६०० |
| १३ | पशपतिप्रजा प्रा.वि. | १३८०० | ११९०० | १९०० |
| १४ | प्रजाज्योति प्रा.वि. | २७००० | २२५०० | ४५०० |
| १५ | प्रजावस्ती प्रा.वि. मकैसिंह | ५९४०० | ५५००० | ४४०० |
| १६ | शक्ति प्रा.वि. | ८८०० | ७२०० | १६०० |
| १७ | शिला भैरव प्रा.वि. | ६२०० | २८०० | ३४०० |
| १८ | सूर्योदय मा.वि. | २४४०० | २०८०० | ३६०० |
| १९ | ताङ्लीचोक मा.वि. | २२८०० | १९६०० | ३२०० |
| २० | चिसापानी प्रा.वि. | ४८०० | १६०० | ३२०० |
|  | जम्मा | १०६६०० | ९३००० | ६६४०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६६,४०० |

## ८२ सेनिटरी प्याड खरिद

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम विद्यालयहरूले छात्राहरूको संख्या एकिन गरी आवश्यक पर्ने सेनिटरी प्याड शिक्षा शाखा मार्फत माग गर्ने र शिक्षा शाखाले स्थानीय तहमा भएको शैक्षिक व्यवस्थापन सूचना प्रणालीको तथ्याङ्कसँग भिडान गरी विद्यालयलाई आवश्यक हुने संख्यामा सेनिटरी प्याड उपलब्ध गराउनुपर्ने र विद्यालयले प्राप्त गरेको सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रूपले राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सामुदायिक विद्यालयको कक्षा ६ देखि १२ सम्मका छात्राहरूका लागि बोलपत्र मार्फत भौचर ५४५ मिति २०८१।३।१९ मा न्यू गंगा जमुना ट्रेड एण्ड जनरल सप्लायर्सबाट सेनिटरी प्याड खरिद गरी रु.९,९७,५५४।९६ भुक्तानी गरेको छ । आर्थिक वर्षको अन्त्यमा विद्यालयहरूलाई सम्पूर्ण प्याडहरू हस्तान्तरण गरी पालिकामा मौज्दात बाँकी नरहेको विवरण पेस भएको छ । आर्थिक वर्षको सुरुमै खरिद गरी विद्यालयको मागको आधारमा वितरणको व्यवस्था मिलाउनुपर्नेमा अन्तमा खरिद गरेको पाइयो । कार्यान्वयन पुस्तिकाले भने अनुसार पालिकाले अनुदान

मार्फत वितरण गरेको सेनिटरी प्याड विद्यालयहरूमा आम्दानी बाँधेको प्रमाण, वास्तविक लाभग्राही (कक्षा ६-१२ सम्मका छात्राहरू) ले पाए नपाएको सम्बन्धमा अनुगमन तथा विद्यालयले लाभग्राही विद्यार्थीलाई वितरण गरेको भरपाइ संलग्न राख्नु पर्दछ ।

८३ **उत्कृष्ट प्रोत्साहन अनुदान**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.१३ को उपक्रियाकलाप नं. ९.३ मा शैक्षिक, व्यवस्थापकीय सुधार, सुशासन मा उत्कृष्ट कार्य गरेका उत्कृष्ट विद्यालय छनौट गर्दा कम्तीमा आधारभूततर्फ १०० विद्यार्थी र माध्यमिकतर्फ २०० विद्यार्थी भएका विद्यालयहरूमध्ये सामाजिक परीक्षण मापदण्ड, २०७८ ले तोकेको विधि, प्रक्रिया र पद्धतिबमोजिम प्राप्त गरेको समष्टिगत अङ्कलाई आधार मान्ने र उच्चतम अङ्क प्राप्त गर्ने प्रथम र द्वितीय हुने विद्यालयलाई क्रमशः तीन लाख र दुई लाख निकासा गर्ने व्यवस्था छ। पालिकाले भौचर नम्बर ४४८ मिति २०८१।२।१४ बाट शैक्षिक, व्यवस्थापकीय सुधार, सुशासन मा उत्कृष्ट कार्यमा उच्चतम अङ्क प्राप्त गरेको भनी सूर्योदय मा.वि. लाई रू.३,००,०००।– प्रोत्साहन अनुदान दिएको छ । विद्यालयको EMIS Data परीक्षण गर्दा उक्त विद्यालयमा १५४ जना मात्र विद्यार्थीहरू अध्ययनरत रहेको पाइयो । कार्यान्वयन पुस्तिका विपरीत २०० भन्दा कम विद्यार्थीको भएको माध्यमिक तहको विद्यालयलाई उच्चतम अङ्क दिई निकासा दिएको रू.३,००,०००।– नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ३,००,००० |

८४ **समानीकरणबाट विद्यालयलाई अनुदान**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलव्ध गराउने व्यवस्था छ । त्यसैगरी संघीय शिक्षा नियमावली, २०५९ को नियम ७७ उपनियम १ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या पहाडमा सामान्यतया ४५ हुनुपर्ने उल्लेख छ । पालिकाले संघीय समानिकरण समेतको पालिका चालु खर्च शिर्षकबाट देहाय बमोजिम ७ विद्यालयमा ८ शिक्षक करारमा राखी जम्मा रु १८ लाख १० हजार आन्तरिक श्रोतबाट करारमा राखिएको शिक्षकहरूको तलव भत्ता बापत रकम निकासा दिइ खर्च लेखेको छ । जसमा पालिकाले देहाय अनुसार प्रति शिक्षक विद्यार्थी संख्या ७ देखि १२ जना मात्र रही प्रति कक्षा विद्यार्थी संख्यको आधारमा तोकिएको भन्दा घटी विद्यार्थी संख्या रहेका विद्यालयलाइ समेत निम्नानुसार.वित्तीय समानीकरण शिर्षकबाट अनुदान निकासा दिइ खर्च लेखेको विवरण प्राप्त भएको छ । पालिकाले यसप्रकारको अनुदान सहयोग विद्यार्थी चाप धेरै रहेका विद्यालयमा आन्तरिक श्रोतबाट भ्याउने भए मात्र उपलव्ध गराउनु पर्नेमा समानिकरण अनुदान शिर्षक समेतबाट उपलव्ध गराउन मिल्ने देखिदैन । यसमा गरेको खर्चलाई कानुन सम्मत भन्न मिल्ने नदेखिएकोले अनियमित भएको रु.

| क्र.स. | विद्यालयको नाम | कक्षा .... सम्म | जम्मा विद्यार्थी | स्थायी शिक्षक | करारका शिक्षक | प्रति शिक्षक विद्यार्थी | करार मध्ये पालिका अनुदानका शिक्षक | संघीय श्रोतको निकासा रकम | समानीकरण, राजस्व बाँडफाँट निकासा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | वटुकी आ.वि | कक्षा ८ | १२४ | ७ | ५ | ११ | १ | ५८५३७७३ | २४०००० |
| २ | विजय भवानी मा.वि | कक्षा १२ | २२१ | १४ | ६ | १२ | १ | १११४८१९८ | ३२५००० |
| ३ | दलभञ्ज्याङ प्रा.वि | कक्षा ५ | २६ | १ | २ | ९ | १ | १८३१४५२ | ५०००० |
| ४ | जनजागृती,वुटार | कक्षा ५ | ५७ | ३ | २ | १२ | १ | २८८३०८१ | ३२५००० |
| ५ | प्रजावस्ती प्रा.वि, | कक्षा ८ | १२३ | ५ | ७ | ११ | २ | ५१२७५७८ | ५२५००० |
| ६ | रत्नेश्वर मा.वि | कक्षा १२ | १७० | १२ | ४ | ११ | १ | १०८१९७३६ | १४०००० |
| ७ | स्थानेश्वरी प्रा.वि | कक्षा ३ | १३ | ० | २ | ७ | १ | १२१९५७० | २०५००० |
| | जम्मा | | ७३४ | ४२ | २८ | ७३ | ८ | ३८८८३३९० | १८१०००० |

| | |
|---|---|
| अनियमित भएको | १८,१०,००० |

८५ **बुक कर्नर**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.३ मा IEMIS को आधारमा विद्यार्थी संख्या एकिन गरी प्रत्येक सामुदायकि विद्यालयको बालविकास कक्षामा अध्यनरत प्रति विद्यार्थी रु.५००।-, कक्षा १ प्रोटफोलियो समेत रु.१००।-, आधारभुत तह(कक्षा १-५) मा अध्यनरत प्रति विद्यार्थी रु.१५०।-, आधारभुत तह(कक्षा ६-८) मा अध्यनरत प्रति विद्यार्थी रु.२००।-, माध्यमिक तह(कक्षा ९-१०) मा अध्यनरत प्रति विद्यार्थी रु.२००।- र माध्यमिक तह(कक्षा ११-१२) मा अध्यनरत प्रति विद्यार्थी रु.२५०।- र OJT व्यवस्थापनको लागि कक्षा ९-१२ मा अध्यनरत प्रति विद्यार्थी रु.१५,०००।- का दरले शिक्षण सिकाई सामाग्री अनुदान निकासा दिने व्यवस्था छ । पालिकाले भौ.नं. ५६३।२०८१।३।२० बाट ज्ञानमार्ग मा.वि.का प्राविधिक धारतर्फका विद्यार्थीहरूलाई OJT व्यवस्थापन बापत प्रति विद्यार्थी रु.१५,०००।- का दरले रु.१०,०५,०००।- निकासा दिएको छ । OJT व्यवस्थापनको लागि निकासा दिई सकेपछि पुन: सोही विद्यार्थीको नाममा भौ.नं. ४१८। २०८०।१२।२६ बाट बुक कर्नर बापत रु.४७,०५०।- निकासा दिएकोले सम्बन्धित विद्यायलयबाट असुल गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

| विद्यालयको नाम | कक्षा | विद्यार्थी संख्या | बुक कर्नर रकम |
|---|---|---|---|
| ज्ञानमार्ग मा. वि . | ९ | ६९ | १३८०० |
| | १० | ५५ | ११००० |
| | ११ | ४० | १०००० |
| | १२ | ४९ | १२२५० |
| | | जम्मा | ४७०५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४७,०५० |

८६ **कृषि पशु अनुदान**

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्द्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्बन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संलग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधि तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण बापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष पालिकाबाट ५ कृषक समूह, १ सकारी संस्था र १६९१ कृषकको लागि रु.८८,०५,५१२।४७ खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

| क्र. सं. | अनुदानको किसिम | व्यक्ति संख्या | रकम |
|---|---|---|---|
| १ | तरकारी र सुन्तलाजन्य फलफुल | ४ कृषक समूह | ३८७२७०० |
| २ | सिँचाइ पाइप तथा प्लाष्टिक पोखरी | ७४ | २८३९४० |
| | मकैको अमेरिकन फौजि किराको नियन्त्रणको लागि किगं स्टार र ढुसिजन्य रोग न्यवस्थापनको लागि साफ वितरण | | ३०९९९० |
| ३ | Trimethylamine chemical | ८२ | ९९८३५ |
| ४ | बिउविजन | १२१४ | १९९९८० |
| ५ | पि पि इ सेट खरिद तथा वितरण | १२७ | ४८५१४० |
| ६ | प्राङ्गारिक मल | १९४ | ५००००० |
| ७ | बिउविजन तथा सामग्री | १ कृषक समूह | २५३९२८ |
| ८ | प्राङगारिक कृषि अनुदान | १ सहकारी संस्था | २७९९९९९ |
| | जम्मा | | ८८०५५१२ |

८७ **फरक कार्यक्रममा खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ उपदफा (२) मा विनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वयन गर्ने कर्तव्य र जिम्मेवारी सम्बन्धित जिम्मेवार व्यक्तिको हुने उल्लेख छ । पालिकाले प्राङगारिक मल उत्पादन र अर्गानिक खेती प्रवर्द्धन तथा प्रशोधन केन्द्र निर्माण र सञ्चालन कार्यक्रममा स्वीकृत बजेटबाट कृषि बालीहरूमा रसायनिक तथा विषादीजन्य पदार्थ छर्नका लागि कृषकलाई सुरक्षा हुने पि.पि.ई सेट लगायतका सुरक्षा सामग्रीहरू कैलाश मल्टि प्रपोज मिडिया एण्ड सप्लायर्स प्रा.लि. बाट खरिद गरी गो.भौ. नं ७० मिति २०८१/०३/२१ बाट रु ५,७४,०४०/- भुक्तानी गरेको छ । प्राङगारिक मल उत्पादन तथा अर्गानिक खेती प्रवर्द्धन र प्रशोधन कार्यलाई प्रवर्द्धन गर्ने उद्देश्यले राखिएको बजेट तथा कार्यक्रमबाट सोको बिपरित प्रभाव पुर्याउने कृषि बालीमा रसायनिक तथा विषादीजन्य पदार्थ छर्नका लागि कृषकलाई सुरक्षा हुने पि.पि.ई सेट लगायतका सुरक्षा सामग्रीहरू प्रयोग गर्न थप बल पुर्‍याउने गरी उक्त सामग्रीहरू खरिद गरी कृषकलाई वितरण गरेको कार्यलाई कानुनसम्मत भएको भन्न मिल्ने नदेखिदा अनियमित भएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,७४,०४० |

८८ **सामाजिक सुरक्षातर्फ**

गाउँपालिकाले यस वर्ष सामाजिक सुरक्षा शिर्षकमा जम्मा बजेट रु १३,०३,७४,९४/- निकासा भएकोमा बाँकी बजेट रु ० रहेको र सामाजिक सुरक्षा भत्ता बापत आ.व. २०८०/०८१ मा कुल बजेट रु १३,०३,७४,९४/- वितरण भई २०८०/०८१ को मृतक लाभग्राहीको जम्मा फिर्ता रकम यकिन हुन नसकेको र श्रेस्ता परीक्षण गर्दा निम्नानुसार व्यहोरा देखियो ।

(क) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नविकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रूपमा नविकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने बैङ्क मार्फत वितरण गर्नुपर्ने नियमित रूपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरी अध्यावधिक गर्ने जस्ता जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ ।लेखापरीक्षण योजना अनुसार वितरण अवस्थाको तथ्याङ्क परीक्षण गर्दा बैङ्क मार्फत वितरण गरेको भत्ताको अध्यावधिक प्रगति प्रतिवेदन लिने गरेको देखिएन । निश्चित समय अन्तरमा लगत अध्यावधिक नभएकोले मृत्यु भई लाभग्राही सुचिबाट लगत कट्टा हुनुपर्ने व्यक्तिको नाममा समेत बैङ्कमा निकासा जाने गरेको देखियो । लाभग्राही लागत अध्यावधिक गरि सोही आधारमा निकासा वयवस्थापन गर्नुपर्छ ।

(ख) सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३(५) मा खाता सञ्चालन गर्ने बैङ्क तथा वित्तीय संस्थाले निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई उपलव्ध गराउनु पर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा निष्क्रिय लाभग्राहीको खाता माग गर्दा उपलब्ध गराएको छैन । गाउँपालिकाले निष्कृय लाभग्रहीको खाताको विवरण माग गरी लगत अध्यावधिक गर्नु पर्दछ।

(ग) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५, को परिच्छेद ४, दफा १६ मा स्थानीय तहले सम्बन्धित वडा कार्यालय मार्फत प्रथम चौमासिक असोज १ गतेबाट दोस्रो हप्ताभित्र, दोस्रो चौमासिक माघको १ गते बाट दोस्रो हप्ता भित्र र तेस्रो चौमासिक जेठको १ गतेबाट दोस्रो हप्ताभित्र वितरण गर्नुपर्ने भएकोले समयमै सामाजिक सुरक्षा भता वितरण गर्नुपर्ने र सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण समयमै अद्यावधिक हुन नसकेको देखिएकोले समयमै अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

८९ **बढी निकासा**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बमोजिम मृत्यु भएका लाभग्राहीको मृत्यु भएपश्चात हुन आउने रकम कट्टा गरी बाँचेको अवधि सम्मको रकम मात्रै भुक्तानी गर्नुपर्नेमा सो नभई बढी भक्तानी भएको देखियो।यसरी भुक्तानी भएको रु २,७२,८९९/- सम्बन्धित लाभग्राहीबाट असुलउपर गर्नुपर्ने रु.

| क्रस | नाम थर | वडा नं | लगत कट्टा हुनुपर्ने मिति | भुक्तानी दर | बढी भुक्तानी रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जय बहादुर गुरुङ | १ | ०५/२४/२०८० | १२,००० | २८,७९८ | प्रथम त्रैमासिक |
| २ | हिरा कुमारी पन्त | २ | ०७/१५/२०८० | १२,००० | १०,००० | दितीय त्रैमासिक |
| ३ | मकन बहादुर गुरुङ | २ | ०४/२४/२०८० | १२,००० | ४४,७९८ | पहिलो त्रैमासिक |
| ४ | बद्धि प्रसाद पन्त | २ | ०७/२९/२०८० | १२,००० | ८,००० | द्धितीय त्रैमासिक |
| ५ | दुर्गा माया पन्त | २ | ०७/२०/२०८० | १२,००० | ९,३३० | द्धितीय त्रैमासिक |
| ६ | तल बहादुर थापा | २ | १२/०३/२०८० | १२,००० | ३,५९१ | चैथो त्रैमासिक |
| ७ | तोया कुमारी सापकोटा | ३ | ०२/२३/२०८१ | १२,००० | ४,००० | चैथो त्रैमासिक |
| ८ | शिव प्रसाद तिवारी | ३ | २०८१/ ०२ / ३१ | १२,००० | ४,००० | चैथो त्रैमासिक |
| ९ | भद्र कुमारी गुरुङ | ४ | १२/२०/२०८० | १२,००० | १,३३० | तृतीय त्रैमासिक |
| १० | वुद्धि माया गुरुङ | ४ | ११/१६/२०८० | १२,००० | ५,८६२ | तृतीय त्रैमासिक |
| ११ | नन्द लाल अधिकारी | ४ | ०२/१८/२०८१ | १२,००० | ५,८६२ | चैथो त्रैमासिक |
| १२ | श्री क्याम नारायण श्रेष्ठ | ५ | ०७/३०/२०८० | १२,००० | ८,००० | द्धितीय त्रैमासिक |
| १३ | नरमाया राना | ५ | १०/०५/२०८० | १२,००० | २४,००० | तृतीय त्रैमासिक |
| १४ | टेक नारायण श्रेष्ठ | ५ | ०१/१३/२०८१ | १२,००० | १०,२६१ | चौथो त्रैमासिक |
| १५ | राम चन्द्र खनाल | ५ | ०१/०५/२०८१ | १२,००० | १०,००० | चौथो त्रैमासिक |
| १६ | बुद्धिसारा थापा | ६ | ०७/१८/२०८० | १२,००० | ९,७२९ | द्धितीय त्रैमासिक |
| १७ | श्री कृष्ण पौडेल | ७ | | १२,००० | ४,००० | |
| १८ | छबिलाल पन्त | ७ | ११/१६/२०८० | १२,००० | १,८६२ | तृतीय त्रैमासिक |
| १९ | दल बहादुर मगर | ७ | | १२,००० | ३,७२४ | |
| २० | विष्णु प्रसाद मरेटा | ७ | | १२,००० | ९,३७५ | |
| २१ | मनमाया सार्की | ८ | ०१/२९/२०८१ | ९,३२० | २,५२७ | चौथो त्रैमासिक |
| २२ | सन्त माया सार्किनी | ८ | ०७/१९/२०८० | ९,३२० | २४,००० | द्धितीय त्रैमासिक |
| २३ | सावित्री सापकोटा | ८ | ११/०२/२०८० | ९,३२० | ७,७३३ | तृतीय त्रैमासिक |
| | जम्मा रु | | | | २४०७८२ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४०,७८२ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : गण्डकी गाउँपालिका, गोरखा , गण्डकी गाउँपालिका , गोरखा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Bhuvan chapagai | २०८१-५-२० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | TEK BIKRAM KUNWAR KSHETRI | २०८१-१-३० | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ७,०९१,३५१ | १३,४१०,४१५ | ५,२५४,३७६ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २५,७५६,१४२ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १,३६७,७४३ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २४,३८८,३९९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १२२०३८६५१.८१ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४२८१२८९७८ | चालु खर्च | ३७६००६९४०.४४ |
| प्रदेश सरकारबाट अनुदान | २११०७५८९ | पूँजीगत खर्च | १८१६८४९०८.१३ |
| राजश्व बाँडफाँट | ८२३१५५८२.८४ | वित्तीय/अन्य व्यवस्था | १८१६८८८१५.४८ |
| आन्तरिक आय | १९११३०१७.३४ | | |
| अन्य आय | १६१२७४३७६.०३ | | |
| कुल आय | ७११९३९५४३.२१ | कुल खर्च | ७३९३८०६६४.०५ |
| बाँकी मौज्दात | | ९४५९७५३०.९७ | |

## बेरूजु दफा ४४ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| क्र स. | खरिदको विवरण | आपूर्तिकर्ता | खरिद प्रक्रिया | मिति | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | व्याटी, क्यामेरा व्याग आदी | क्यानन हाउस | सोझै | ०८०।४।२३ | ७०००० |
| २ | सियो धागो, सेतो कपडा | क्यानन हाउस | सोझै | ०८०।५।३ | २०००० |
| ३ | व्याट्री कभर | क्यानन हाउस | सोझै | ०८०।५।२१ | १९९९ |
| ४ | ओपीडी टिकट, जिन्सी खाता , कार्ड | कैलाश मल्टिपर्पोज मिडिया एण्ड सप्लायर्स | दरभाउपत्र | ०८०।५।२५ | १४९७२५ |
| ६ | फुटवल पम्प | लम्शाल व्रदर्श एण्ड स्टेशनरी | सोझै | ०८०।५।११ | २९५० |
| ७ | डन्ड्राइट | थापा भाडा पसल | सोझै | ०८०।५।११ | १३५० |
| ८ | वार्षिक पूस्तिका छपाई | माइलस्टोन प्रिण्टर्स | सोझै | ०८०।५।२५ | ९७१८० |
| ९ | फ्लेक्स प्रिण्ट लगायत सामान | इच्छाकामना छापाखाना | सोझै | | ४०७७०। |
| १० | रेनकोट खरिद | स्पर्स क्लोथिङ्ग प्रा.लि. | सोझै | ०८०।५।१३ | ४५००० |
| ११ | राष्ट्रिय, पालिका चेपाङ्ग झण्डा | पालिका एडभरटाईजिङ्ग एण्ड सप्लायर्स प्रा.लि. | सोझै | ०८०।५।३१ | ६४९७५ |
| १२ | प|m र्निचर खरिद | पवित्रा फर्निचर | दरभाउपत्र | ०८०।०६।०५ | ९८८७५० |
| १३ | मसलन्द सामान | कैलाश मल्टिपर्पोज मिडिया एण्ड सप्लायर्स | सोझै | ०८०।०६।५ | ९९८१३ |
| १४ | सिमेण्ट, कटिङ्ग | ओम शक्ति | सोझै | २०८०।६। | ४२६२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | रिपिट गन समेत | हार्डवयर | | २५ | |
| १५ | घास काट्ने मेसिन | पालिका एडभरटाईजिङ्ग एण्ड सप्लायर्स प्रा.लि. | सोझै | २०८०।०६।२५ | २८२०० |
| १६ | वाटर पम्प | कैलाश मल्टिपर्पोज मिडिया एण्ड सप्लायर्स | सोझै | ०८०।६।२५ | १६९५० |
| १७ | मसलन्द सामान | उज्जवल स्टेशनरी एण्ड सप्लायर्स | सोझै | ०८०।६।२६ | ७५२६० |
| १८ | नक्शापास किताव | माइलस्टोन प्रिण्टर्स | दरभाउपत्र | ०८०।७।२९ | २२६००० |
| १९ | फोटाकपी पेपर | उज्जवल स्टेशनरी एण्ड | सोझै | ०८०।७।२१ | ९०४०० |
| २० | सडक सोलार वत्ती जडान मर्मत | दिपु कन्स्टक्शन एण्ड सप्लायर्स | सोझै | २०८०।७।२१ | ९०४०० |
| २१ | प्रिण्टर कार्टेज | टुडेज कम्प्युटर सिष्टम | सोझै | २०८०।७।२४ | ९७६३२ |
| २२ | एचडिडि, पावर बैक | शिक्षा टेडर्स | साझै | ०८०।८।८ | १९१०० |
| २३ | डसना सिरक तन्ना | मैनु फेन्सी एण्ड कस्मेटिक | सोझै | ०८०।८।८ | ४७०० |
| २४ | फर्निचर, वेडिङ्ग समेत | कुसुम गिफ्ट हाउस एण्ड फर्निचर शो रुम | दरभाउपत्र | ०८०।८।८ | १५०२९० |
| २५ | किचेन वन्दोवस्तीका सामान | कुसुम गिफ्ट हाउस एण्ड फर्निचर शो रुम | सोझै | ०८०।८।८ | ९६१५१ |
| २६ | पानी तान्ने पम्प, ताल्चा पाएप | कुसुम गिफ्ट हाउस एण्ड | सोझै | ०८०।८।८ | ६५२७४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | तार लगायतका सामान | फर्निचर शो रुम | | | |
| २७ | कृषि सामान उपकरण | ज्य मधेश मिडिया एण्ड सप्लायर्स | दरभाउपत्र | ०८०।८।१० | ९०७९९८ |
| २८ | द्यलित समुदायको राजनीतिक प्रतिनिधित्व नामक पुस्तक | समानता मिडिया फाउण्डेशन | सोझै | ०८०।८।२९ | १२००० |
| २९ | दराज स्लाइडिङ्ग | लक्ष्मी फर्निचर शोरुम | दरभाउपत्र | ०८०।९।१ | १२०००६ |
| ३० | प्राविधिक मेजरीङ्ग टेप | कैलाश मल्टिपर्पोज मिडिया एण्ड सप्लायर्स | सोझै | ०८०।९।१ | ४१०१९ |
| ३१ | पुस्तक न्यायिक समिति | सिद्ववावा प्रेस प्रा.लि. | सोझै | ०८०।९।१ | ६२१५० |
| ३२ | सिरक ब्लाकेट | न्यु आदर्श इन्टरप्राइजेज | सोझै | ०८०।९।१ | ४७० |
| ३३ | विभिन्न पुस्तकहरू | एजुकेशनल वुक हाउस | सोझै | ०८०।९।१ | ४९२९ |
| ३४ | डेश्कटप कम्पुटर समेत | स्काई टेक्नोलोजी | सोझै | ०८०।९।११ | ८९२७० |
| ३५ | युपियस व्याटी | एक्टीम पावर सोलुशन | दरभाउपत्र | ०८०।९।११ | १५०९०७ |
| ३६ | पदक टफि | इच्छाकामना छापाखाना | सोझै | ०८०।९।११ | ८३६२० |
| ३७ | ह्वील चेयर | डिजन मल्टीपर्पोज | दरभाउपत्र | ०८०।९।११ | १०५८०० |
| ३८ | डायरी लगायत मसलन्द सामान | लम्शाल व्रदर्श एण्ड स्टेशनरी | सोझै | ०८०।८।२५ | ६२५० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३९ | प्रिण्टर | सान टेडर्स | सोझै | ०८०।१०।१२ | ३२२०५ |
| ४० | प्रिण्टर | टुडेज कम्प्युटर सिष्टम | सोझै | ०८०।१०।१२ | ७५७१० |
| ४१ | कलर इन्क लगायत मसलन्द | सान टेर्डस | सोझै | ०८०।१०।१५ | ८४४११ |
| ४२ | पूस्तक प्राविधिक | उज्जवल स्टेशनरी | सोझै | २०८०।१०।२९ | ४६७३० |
| ४३ | सिमकार्ड | एनसिएलए न ऐछेता कम्पनी | सोझै | ०८०।१०।२९ | ८६१०।६५ |
| ४४ | राउटर सेटअप वक्स | इच्छाकामना नेटवर्क | सोझै | ०८०।११।०६ | २२६०० |
| ४५ | मसलन्द खर्च | रिलेशन ग्रुप | दरभाउपत्र | ०८०।११।०६ | ११८९३३ |
| ४६ | स्पीकर | वाग्मती अफिस सप्लायर्स | सोझै | ०८०।११।६ | ११४९९ |
| ४७ | प्m र्निचर , भाडा , कपडा समेत | लम्शाल सपिङ्ग कम्प्लेक्स | सोझै | ०८०।११।९ | ३३४३३ |
| ४८ | एचडिएमआइ केवल, कार्ड रिडर | भिजन टेक सोलुशन | सोझै | ०८०।११।९ | ५१०० |
| ४९ | मोबाइल नोकिया | कृष लम्शाल | सोझै | ०८०।११।९ | ७५०० |
| ५१ | डसना, वाल्टीन कुचो लगायत | लम्शाल स्टेशनरी | सोझै | ०८०।११।९ | ७१९० |
| ५२ | ल्यापटप | एसडव्लु टेडर्स | दरभाउपत्र | ०८०।११।१३ | ११५०४४ |
| ५३ | जिपिएस मेशिन | ट्याकन नेपाल | सोझै | ०८०।११।१५ | ३५९९५ |
| ५४ | कोर कटर विट | सौर्य एण्ड | सोझै | ०८०।११। | ३०८४९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सौरवि | | २७ | |
| ५५ | फ़ोटोकपी पेपर टेप लगायत मसलन्द | लम्शाल व्रदर्श एण्ड स्टेशनरी | सोझै | ०८०।११। २७ | १६९२५ |
| ५६ | इण्टरकम टेलीफोन जडान | एसडव्लु टेडर्स | सोझै | ०८०।१२। २ | ६९०४३ |
| ५७ | ल्यापटप प्रिण्टर | टुडेज कम्प्युटर | दरभाउपत्र | ०८०।१२। २० | ३३२७८५ |
| ५८ | कम्प्युटर माउस कलर इन्क समेत | सान टेर्डस | सोझै | ०८०।१२। २१ | ९७५१९ |
| ५९ | ग्रीज | मनकामना मोटरपार्टस | सोझै | ०८०।१२। १३ | ९२०० |
| ६० | फ़र्निचर | नारायणी फर्निचर सेण्टर | सोझै | ०८०।१२। २१ | ४९९४६० |
| ६१ | टेलीफोन सेट | एच के एम मोबाइल मर्मत | सोझै | ०८१।१।६ | ४००० |
| ६२ | र्याक स्टेज | लक्ष्मी फर्निचर सो रुम | दरभाउपत्र | ०८१।१।६ | १२०००६ |
| ६३ | किवोर्ड तराजु | सार्थक मल्टीपर्पोज | सोझै | ०८१।१। २५ | ८२३२१ |
| ६४ | फ़ोटोकपी स्टेप्लर पन्चीन मेशिन | टेकयन्त्र सोलुशन | सोझै | ०८१।१। २५ | ६४७९४ |
| ६५ | वेड सेट | न्यु पवित्रा फर्निचर | सोझै | ०८१।१। २५ | १७६०० |
| ६६ | डायरी | रोमा एडभरटाइजिङ्ग | सोझै | ०८१।१। २६ | १०००० |
| ६७ | इन्भरटर व्याटी | सार्थक मल्टीपर्पोज | सोझै | ०८१।१। २५ | २४८४९० |
| ६८ | इन्भरटर व्याटी | सार्थक | सोझै | ०८१।१। | ४८१९८० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | मल्टीपर्पोज | | २५ | |
| ६९ | क्यालेण्डर छपाई | रेन्वो मिडिया प्रा.लि. | दरभाउपत्र | ०८१।२। २४ | १४४६४० |
| ७० | फ्रिज, पंखा , आइरन लगायत | लम्शाल सपिङ्ग कम्प्लेक्स | सोझै | ०८१।२।४ | ४२६८९ |
| ७१ | विजुलीका तार , व्याटी लगायत | आश्री सप्लायर्स | सोझै | ०८१।२। १४ | ६२५० |
| ७२ | स्टेवीलाईजर | एक्स्टीम पावर सोलुशन | सोझै | ०८१।३।१ | ३४४०८५ |
| ७३ | नाइनल छापहरू | प्रेस सोलुसन | सोझै | ०८१।२। ३२ | २२३५० |
| ७४ | मल्टीस्ट्याण्ड, अन्डरमोम्ड लगायत | लम्शाल सपिङ्ग कम्प्लेक्स | सोझै | ०८१।२। ३२ | १४२९५ |
| ७५ | पर्दा कार्पेट ह्याँगर लगायत | कुसुम गिफ्m ्ट हाउस एण्ड फर्निचर | दरभाउपत्र | ०८१।२। ३२ | १८२४९५ |
| ७६ | कुर्सिहरू फर्निचर | कुसुम गिफ्m ्ट हाउस एण्ड फर्निचर | दरभाउपत्र | ०८१।३।२ | २८७३५९ |
| ७७ | वेराजगार दर्ता फाराम | इच्छाकामना छापाखाना | सोझै | ०८१।३।२ | २९९४५ |
| ७८ | मसलन्द सामान | उज्जवल स्टेशनरी | सोझै | ०८१।३।७ | ६५३७१ |
| ७९ | मसलन्द सामान | कैलाश मल्टिपर्पोज मिडिया एण्ड सप्लायर्स | सोझै | ०८१।३।९ | ९९२५९ |
| ८० | फ्mm ेक्स प्रिण्ट | इच्छाकामना छापाखाना | सोझै | ०८१।३।९ | १०६७९ |
| ८१ | हेर्डिङ्ग वोर्ड, | इच्छाकामना | सोझै | ०८१।३।९ | ७९८३५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | नगदी रसिद नेमप्लेट | छापाखाना | | | |
| ८२ | किताव, स्पाइरल प्याड , रजिष्टर छपाई | इच्छाकामना छापाखाना | सोझै | ०८१।३।९ | ७६१३५ |
| ८३ | पृm ोरेक्स वोर्ड | इच्छाकामना छापाखाना | सोझै | ०८१।३।९ | २३९०० |
| ८४ | पृm लेक्स प्रिण्ट | जि एम आई छापाखाना | सोझै | ०८१।३।९ | ८११० |
| ८५ | नगदी रसिद, मायाको चिनो | जि एम आई छापाखाना | सोझै | ०८१।३।९ | १८४५० |
| ८६ | कलर इन्क | सान ट्र्डर्स | सोझै | ०८१।३।११ | ५४२४० |
| ८७ | कम्प्युटर सम्बन्धी सामान | टुडेज कम्प्युटर | सोझै | ०८१।३।११ | ८१८१३ |
| ८८ | माइक्लियर व्याग | लम्शाल व्रदर्श | सोझै | ०८१।३।११ | २५०० |
| ८९ | मायाको चिनो | जि एम आई छापाखाना | सोझै | ०८१।३।११ | ४५०० |
| ९० | ल्यापटप चार्जर | भिजन टेक सोलुशन | सोझै | ०८१।३।११ | ३००० |
| ९१ | विजुलीको तार, मोटर | इच्छाकामना मोबाइल | सोझै | ०८१।३।१६ | १२००० |
| ९२ | प्रमाणपत्र | जि एम आई छापाखाना | सोझै | ०८१।३।१६ | २०००० |
| ९३ | रजिष्टर, परिचयपत्र निवेदन | इच्छाकामना छापाखाना | सोझै | ०८१।३।१६ | ३४१२६ |
| ९४ | पृm ाराम छपाई | जि एम आई छापाखाना | सोझै | ०८१।३।१६ | १२००० |
| ९५ | भर्याङ्ग | सहान्सा इन्जिनियरीङ्ग | सोझै | ०८१।३।१७ | ८२०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ९६ | मर्मत सामाग्रीहरू | लक्ष्मण इलेक्टोनिक्स | सोझै | ०८१।३।१८ | १५३७९ |
| ९७ | डायनिङ्ग टेवुल | लक्षमी फर्निचर सो रुम | सोझै | ०८१।३।१८ | १३५६०० |
| | | जम्मा | | | ८६६०६८८ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- सङ्घ तथा प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- प्रदेश र स्थानीय तहमा भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।